# सहकारी संघ/संस्थाको निरीक्षण
# निर्देशिका
# २०६३

**प्रकाशक :**

**सहकारी विभाग**

नयाँबानेश्वर, काठमाडौं

फोन न. ४४६५३६२/४४६५१७७ फ्याक्स ४४६५५१२७

Email : sahakaribivag@gmail.com

websit :- www.deoc.gov.np

# विषय सूची


**परिच्छेद १**

परिचयात्मक विवरण

१. परिचय
२. ऐतिहासिक पृष्ठभूमि
३. निरीक्षण सम्बन्धी कानूनी व्यवस्थापन
४. निरीक्षणको उद्देश्य
५. निरीक्षण सम्वन्धी समस्याहरु
६. निरीक्षणको औचित्य र आवश्यकता
७. निरीक्षणका आधारहरु

**परिच्छेद २**

निरीक्षण विधि तथा निरीक्षण सम्वन्धी जिम्मेवारी

१. निरीक्षणको जिम्मेवारी
२. निरीक्षण कार्यविधि
   (क) अभिलेखन निरीक्षण
   (ख) स्थलगत निरीक्षण
   (ग) विशेष निरीक्षण
   (घ) अनुगमन निरीक्षण
३. निरीक्षणका किसिम
   (क) आन्तरिक किसिम
   (ख) वाह्य किसिम

**परिच्छेद ३**

सिद्धान्त, उद्देश्य र कार्यक्षेत्र

१. सहकारी सिद्धान्तको पालना
२. उद्देश्य अनुसारको काम हुनुपर्ने
३. निर्धारित कार्य क्षेत्र भित्र कारोवार हुनु पर्ने
४. शाखा प्रशाखा खोल्नमा वन्देज
५. सदस्यता र सदस्यहरुको जिम्मेवारी

**परिच्छेद ४**

संघ/संस्था व्यवस्थापन

१. व्यवस्थापन र कार्य संचालन विधि

**परिच्छेद ५**

पूँजी तथा दायित्व र सम्पत्तिको निरीक्षण

१. पूँजीको जाँच तथा निरीक्षण
२. सम्पत्तिको जाँच तथा निरीक्षण

**परिच्छेद ६**

कोष, अभिलेख र हिसाव जाँच

१. कोष परिचालन
२. अभिलेख व्यवस्थापन
३. हिसाव जाँच
   - ☐ अन्तिम लेखापरीक्षण
   - ☐ आन्तरिक लेखा परीक्षण

**परिच्छेद ७**

नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था र अनुगमन प्रणाली

१. शर्तद्वारा गरिएको नीतिगत व्यवस्था
२. निर्देशनद्वारा गरिएको नीतिगत व्यवस्था

**परिच्छेद ८**

संघ/संस्थाको बाँकी वक्यौता असुलउपर र संघ/संस्था विघटन

१. जायजेथा तथा धितो लिलाम
२. संघ/संस्था विघटन र दर्ता खारेजी

**परिच्छेद ९**

१. विविध

# परिच्छेद १
## परिचयात्मक विवरण

### १. परिचय :

सहकारीता व्यवसायिक संगठनको एउटा स्वरुप हो जसमा विभिन्न व्यक्तिहरु मानवीय मूल्य मान्यता र समानताको आधारमा आफ्नो आर्थिक, सामाजिक उत्थान र सुरक्षाको लागि स्वेच्छाले संगठनमा आवद्ध भएका हुन्छन् । सामुहिक हितको लागि सदस्यहरुका वीचमा केन्द्रीत रहेर विभिन्न व्यवसायिक कृयाकलापहरु संचालन गरी उनीहरुलाई आर्थिक रुपमा सवल वनाउने र साहु-महाजन तथा एकाधिकारी पूंजिपती वर्गको शोषणवाट शुरक्षित राख्ने माध्यम नै सहकारीता हो । सहकारिताका लागि समूहका सवै सदस्यहरुको उद्देश्य समान हुनुको साथै पेशागत र वैचारिक समानता हुनु पर्दछ । सहकारी संघ/संस्थाको गठन र संचालनमा सवै सदस्यहरुको समान जिम्मेवारी र भूमिका रहेको हुन्छ । धेरै थोरै जति सुकै संख्यामा शेयर खरिद गरेको भएता पनि सवै सदस्यहरुले समान हैसियतमा प्रजातान्त्रिक अधिकार को उपयोग गर्ने अवसर प्राप्त गरेका हुन्छन् ।

सहकारी संघ/संस्थाहरु समुदायमा आधारित स्वायत्त व्यवसायिक संस्थाहरु भएको हुंदा व्यवसायिक कृयाकलापको संचालनवाट समूहका सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गरी एकतर्फ निजी तथा वहुराष्ट्रिय कम्पनीहरुवाट हुने एकाधिकारी शोषणवाट मुक्त हुन र अर्को तर्फ समूहका सदस्यहरुको एकिकृत लगानी र प्रयासवाट संघ/संस्थाको प्रतिस्पर्धात्मक क्षमता विकास गर्न सकिन्छ । सन् १९८० को दशक पछि विश्व रंगमञ्चमा उदाएको उदार र खुल्ला आर्थिक नीतिले भूमण्डलीकरण र निजीकरणलाई अगाडि वढाएको वर्तमान परिप्रेक्ष्यमा साना, मध्यम र कम पूँजीवाला उद्यमी, कृषक, व्यापारी, कालिगढ, पेशाकर्मी र उपभोक्ताहरु वीच उद्देश्य समानताको आधारमा सहकारीताको आन्दोलनलाई सशक्त रुपमा अगाडि लैजानु पर्ने आवश्यकता छ । राज्यद्वारा संचालित सार्वजनिक संस्थाहरुको निजीकरणको सशक्त विकल्पको रुपमा सहकारी संघ/संस्थालाई संगठित र स्थापित गर्नु पर्ने आवश्यकता देखिन्छ । पारस्परिक सहयोगद्वारा व्यक्तिगत सहयोग भन्ने मूल मन्त्र/मान्यताको आधारमा समान, उद्देश्य र भावना भएका सदस्यहरुको



सहभागितावाट सहकारी संघ/संस्थाको गठन र संचालन हुने हुंदा अन्तरराष्ट्रिय सहकारी महासंघद्वारा प्रतिपादित “सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण” भन्ने सिद्धान्तलाई व्यवहारमा उतार्नको लागि प्रत्येक सहकारी संघ/संस्थाको अनुगमन र निरीक्षण कार्यलाई सुदृढ वनाउनु पर्ने आवश्यकता छ ।

### २. ऐतिहासिक पृष्ठभूमी :

नेपालमा सहकारी आन्दोलन शुरु भएको आधा शताव्दी भन्दा वढी समय व्यतित भैसकेको छ । संस्थागत रुपमा वि.सं. २०१० सालमा तत्कालिन खाद्य कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भएको थियो । मुलुकको राजनैतिक उतारचढाव र नीतिगत तथा कानूनी अस्पष्टताको वावजुद वि.सं. २०१३ सालमा तत्कालिन सरकारको कार्यकारी आदेशद्वारा पहिलो पटक चितवन जिल्लामा सहकारी संस्थाको गठन भएको थियो । पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) मा मुलुक भर ४५०० सहकारी संस्थाहरु गठन गर्ने महत्वाकांक्षी लक्ष्य निर्धारण गरी सहकारी आन्दोलनलाई अगाडि वढाउने प्रयाश भएको थियो । प्रथम पञ्चवर्षीय योजनाको अन्त्य सम्ममा मुलुकका १४ वटा जिल्लामा ३७८ वटा मात्र सहकारी संस्थाहरु स्थापना हुन सकेको देखिन्छ । तथापी प्रथम पञ्चवर्षीय योजना अवधि सहकारी आन्दोलनको विकासमा खासगरी कानूनी र नीतिगत हिसावले अत्यन्त फलदायी रहन गयो । “ सहकारी संस्था ऐन, २०१६” र “सहकारी नियमहरु २०१८” को व्यवस्था पछि मात्र मुलुकको सहकारी आन्दोलनलाई दिशावोध गर्ने कानूनी आधार सृजना हुन पुग्यो । सहकारी आन्दोलनलाई सहयोग पुऱ्याउने उद्देश्यले वि.स. २०१७ सालमा सहकारी विकास कोषको स्थापना गरियो ।

आर्थिक वर्ष २०१८/१९ योजना विहिन अवस्थामा रहेको भएता पनि त्यस वर्ष मुलुकभर २०३ वटा थप सहकारी संस्थाहरु स्थापना भए । दोश्रो त्रिवर्षीक योजना (२०१९-०२२) र तेश्रो पञ्चवर्षीय योजना (२०२२-०२७) मा क्रमशः ५४२ र ३६६ थप सहकारी संस्थाहरु स्थापना भै तेश्रो पञ्चवर्षीय योजनाको अन्त्य सम्म मुलुक भर १४८९ सहकारी संस्थाहरु अस्तित्वमा रहेको देखिन्छ । चौथो पञ्चवर्षिय योजना (२०२७-०३२) र पाँचौ पञ्चवर्षीय योजना (२०३२-०३७) मा सहकारी संस्थाको संख्यात्मक वृद्धि गर्नुको सट्टा निष्कृय

सहकारी संस्थाहरुको विघटन गर्ने र सकृय सहकारी संस्थाहरुलाई सुदृढीकरण गर्ने काम भयो। वि.स. २०३३ सालमा मुलुक भर कुल १५५३ सहकारी संस्थाहरु अस्तित्वमा रहेकोमा पांचौ योजनाको अन्तिम वर्ष २०३७ मा पुग्दा ती संस्थाहरु मध्ये केही निष्कृय संस्थाहरु विघटन गरी जम्मा ७४२ संस्थामात्र संचालनमा रहेको देखिन्छ।

छैठौं पञ्चवर्षीय योजना अवधि (२०३७-०४२) मा सहकारी संघ/संस्थाको संख्यात्मक वृद्धि हुन सकेन तर वि.सं २०३३ सालवाट शुरु भएको साझा कार्यक्रमलाई संस्थागत रुपमा अगाडि वढाउन "सहकारी संस्था ऐन २०१६" लाई खारेज गरी साझा "संस्था ऐन, २०४१" लागू गरियो। त्यस वेला केवल ऐनको नाम परिवर्तन भयो तर संस्कार र व्यवहारमा कुनै परिवर्तन हुन सकेन। सहकारी संघ/संस्थामा राज्यको नियन्त्रण यथावत रुपमा रहि रह्यो। सातौं पञ्चवर्षीय योजना अवधि (२०४२-०४७) को अन्त्यमा पुग्दा मुलकुभर कुल ९१७ सहकारी संघ/संस्थाहरु संचालनमा रहेका थिए। ती मध्ये कृषि संग सम्वन्धित ८३० वटा, जिल्ला संघ ३३ वटा र अन्य वस्तुगत तथा गैर कृषि सहकारी संस्थाहरु ५४ थिए।

वि.सं.२०४७ सालको राजनैतिक परिर्वतनले सहकारी आन्दोलनमा पनि सकारात्मक प्रभाव पारेको र विगतमा राज्यद्वारा संचालित र नियन्त्रित सहकारी संस्थाहरु सफलतापूर्वक संचालन हुन नसकेको यथार्थतालाई मनन गरी "सहकारी ऐन २०४८" र "सहकारी नियमावली २०४९" जारी भै लागू भए पश्चात अर्न्तराष्ट्रिय सहकारी सिद्धान्त अनुरुप नेपालमा पनि सहकारी संघ/संस्थाले स्वायत्तताको उपयोग गर्न पाएको देखिन्छ। "सहकारी ऐन, २०४८" अनुसार सहकारी संघ संस्थाको गठन र संचालनमा सरकारको भूमिका गौण राखिएको छ। सहकारी संघ/संस्थाको गठन र संचालनमा सदस्यहरुको प्रत्यक्ष सहभागिता र भूमिकालाई ऐनले स्पष्ट पार्ने काम गरेको छ। सहकारी ऐन २०४८ को कार्यान्वयन पश्चात सहकारी संघ/संस्थाको संख्यात्मक वृद्धिमा व्यापकता आएको छ। आ .व. २०६२/६३ को अन्त्य सम्म सहकारी संघ/संस्थाको कुन संख्या ८३१९ पुगको छ।



### ३. निरीक्षण सम्वन्धी कानूनी व्यवस्था :

सहकारी ऐन, २०४८ को दफा ३६ मा रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारीले सहकारी संघ/संस्थाको निरीक्षण गर्न सक्ने र निरीक्षणको क्रममा उल्लेखित ऐन तथा त्यस अन्तरगत वनेको नियम र सम्वन्धित संघ/संस्थाको विनियम वमोजिम भएको नपाइएमा प्रचलित ऐन, नियम र विनियम वमोजिम व्यवस्था गर्न आवश्यक सुझाव दिन सक्ने व्यवस्था छ। ऐनको दफा ३५ मा व्यवस्था भए अनुसार कुनै संस्था/संघले सन्तोषजनक काम गरेको छैन भनी सो सस्था/संघको पाच प्रतिशत सदस्यले निवेदन दिएमा रजिष्ट्रार स्वयमलाई संस्थाको कारोवार सन्तोषजनक नलागेमा रजिष्ट्रार आफूले वा कुनै अधिकारीलाई अधिकार दिई सोधपुछ गर्न गराउन सक्नेछ। ऐनको दफा ४८ को उपदफा २(३) अनुसार संघ/संस्थाको रेखदेख र निरीक्षण गर्ने गराउने नियम वनाउन सक्ने व्यवस्था छ।

### ४. निरीक्षणको उद्देश्य :

निरीक्षण भन्नाले कुनै काम, कामदार र संगठनको रेखदेख गर्नु र आवश्यकता अनुसार सुझाव वा निर्देशन दिनु भन्ने वुझिन्छ। निरीक्षणका उद्देश्यहरुलाई देहाय वमोजिम प्रस्तुत गर्न सकिन्छ :-

(१) सहकारी संघ/संस्थाका कामकारवाही र गतिविधिहरु, ऐन, कानून, नीति नियम र सहकारी सिद्धान्त वमोजिम संचालन भए नभएको चेक जांच गर्ने।

(२) संघ/संस्थाको विनियममा व्यवस्था भए अनुसार सदस्य, संचालक, व्यवस्थापक र कर्मचारीहरुवाट काम कर्तव्य पूरा भए नभएको जांचवुझ गर्ने।

(३) संघ/संस्थाले आफ्ना सदस्यहरुलाई उद्देश्य अनुसार सरल र सर्वसुलभ तरिकाले सेवा प्रदान गरे नगरेको हेर्ने।

(४) संघ/संस्थाकाको आर्थिक अवस्थाको लेखाजोखा गरी सदस्यहरुलाई प्राप्त भएको आर्थिक तथा सामाजिक लाभहरु पहिचान गर्ने।

(५) संघ/संस्थाका काम कारवाही प्रभावकारी र दक्षतापूर्वक सम्पादन भए

नभएको हेर्ने ।

(६) निरीक्षणको क्रममा प्राप्त जानकारीहरुको आधारमा प्रतिवेदन तयार पारी पेश गर्ने ।

**५. निरीक्षणका समस्याहरु :**

नेपालमा विगत पचास वर्षको सहकारी आन्दोलन सम्वन्धी इतिहासको समीक्षा गर्दा झण्डै चार दशक राज्यको निर्देशन र नियन्त्रणमा सहकारी संघ/संस्थाहरु संचालनमा रहेको देखिन्छ। सहकारी आन्दोलनलाई तत्कालिन सरकारले आफनो आर्थिक कार्यक्रमको सशक्त माध्यमको रुपमा अधिराज्यव्यापी रुपमा संचालन गर्दै आएको भएतापनि सहकारी सिद्धान्त र मूल्य मान्यता अनुरुप सदस्यहरुद्वारा सदस्यहरुको लागि सहभागितात्मक र प्रजातान्त्रिक व्यवहारको पालना हुन नसक्दा सरकारी सतप्रयासको वावजुद अधिकांश सहकारी संघ/संस्थाहरु विघटन वा निष्कृय अवस्थामा पुगेको देखिन्छ ।

"सहकारी ऐन,२०४८" कार्यान्वयमा आउनु अगाडि अर्थात सातौं पंच वर्षीय योजनाको अन्त्य सम्म मुलुकभर करिव ९०० को हाराहारीमा रहेको सहकारी संघ/संस्थाको संख्या उक्त ऐन जारी भए पश्चात अभूतपूर्व रुपमा वृद्धि हुन पुगेको देखिन्छ। आज मुलुकभर ८५०० भन्दा वढी सहकारी संघ/संस्थाहरु संचालनमा रहेका छन् । उल्लेखित सख्यामा मुलुकभर छरिएर रहेका सहकारी संघ/संस्थाको कारोवार तथा गतिविधिहरु नियमित रुपमा कानून संगत तरिकावाट संचालन भए नभएको चेक जांच गर्न र आवश्यक सुझाव दिन सरकारी संयन्त्रवाट मात्रै संभव हुने देखिदैन। भौगोलिक हिसावले अध्ययन गर्दा मुलुकका ७५ वटै जिल्लामा सहकारी संघ/संस्थाहरु संचालनमा रहेका छन् । तर उल्लेखित सहकारी संघ/संस्थालाई सहयोग र नियमन गर्न ३८ जिल्लामा डिभिजन सहकारी कार्यालयहरु रहेको र ती कार्यालयहरुको सिमित साधन श्रोतवाट मुलुकभर छरिएर रहेका ८५०० भन्दा वढी संघ/संस्थाहरुको नियमित अनुगमन र निरीक्षण गर्ने काम चनौतिपूर्ण वन्दै गएको छ ।

प्रभावकारी अनुगमन र निरीक्षणको अभावमा संघ/संस्थावाट हुने गैर कानूनी र सिद्धान्त विरोधी कृयाकलापमा नियन्त्रण र सुधार गर्न सकिएको छैन । सदस्यहरुको रकम हिनामिना गर्ने संचालक र व्यवस्थापकहरुलाई



कारवाही हुन सकेको छैन । केही सहकारी संघ/संस्थावाट उद्देश्य विपरीतका काम कारवाहीहरु हुंदै आएको कुरा सुन्नमा आएका छन्। एकल उद्देश्यको लागि गठन भएको संस्थाले धेरै उद्देश्यको लागि काम गरेको र वहुउद्देश्यीय संस्थाले एउटा उद्देश्यमा केन्द्रीत रहेर कारोवार संचालन गरेका अनगिन्ती उदाहरणहरु रहेका छन्। त्यसै गरी संघ/संस्थामा छद्म सदस्यहरुको प्रवेश र उनीहरुवाट हुने ठगिवाट सहकारी आन्दोलनलाई प्रदुषित पार्ने काम भएको छ ।

"सरकारी ऐन, २०१६" र "साझा संस्था ऐन २०४१" अन्तरगत दर्ता भएका संघ/संस्थाहरुले तत्कालिन अवस्थामा कृषि विकास बैंकवाट लिएको ऋणवाट आफ्नो कारोवार संचालन गर्नुको साथै कृषक सदस्यहरुलाई कर्जा समेत दिएको र हाल ती संघ/संस्थाहरु निष्कृय रहेको कारण एकातर्फ बैंकको ऋण असुलीमा समस्या देखापरेको छ भने अर्कोतर्फ कृषक सदस्यहरुको धितो फुकुवाको समस्या पनि समाधान हुन सकेको छैनन्। "सहकारी ऐन २०४८" जारी हुन अघि सरकारी निर्देशन र नियन्त्रणमा संचालित संघ/संस्थाका केही व्यवस्थापक र कर्मचारीहरुले पाउनु पर्ने सुविधा नपाएको भन्ने गुनासो रहेको र सो को समाधान के कसरी गर्ने भन्ने अन्यौल पनि कायमै रहेको छ ।

**६. निरीक्षणको औचित्य र आवश्यकता :**

निरीक्षणको शाव्दिक अर्थ कुनै काम वा कामदारका गतिविधिहरु रेखदेख गर्नु वा कुनै संगठनको कारोवार जांचवुझ गर्नु र आवश्यकता अनुसार सुझाव वा निर्देशन दिनु भन्ने वुझिन्छ। निरीक्षण व्यवस्थापनको एउटा माध्यम हो । यो सुझावात्मक र निर्देशनात्मक प्रकृतिको हुन्छ । नियमित रुपमा सहकारी संघ/संस्थाको निरीक्षण गरी सदस्य, संचालक, व्यवस्थापक र कर्मचारीहरुलाई आआफ्नो काम प्रति सजग, सचेत र उत्तरदायी वनाउन निरीक्षणको आवश्यकता पर्दछ । नेपालमा सहकारी आन्दोलनको इतिहास र यसको विकासको प्रवृत्ति अध्ययन गर्दा निरीक्षण पक्ष सधैं कमजोर रहदै आएको कारण अपेक्षित लक्ष्य प्राप्त हुन सकेको देखिदैन। निरीक्षण कुनै एकपटक मात्र गरेर यसवाट सार्थक नतिजा प्राप्त गर्न सकिदैन। यसलाई व्यवस्थापनको एउटा सशक्त औजारको रुपमा नियमित र निरन्तर वनाउनु पर्दछ। आन्तरिक निरीक्षणलाई मजवुत

वनाउन सकेमा नै संघ/संस्थामा  देखापर्ने नराम्रा र अवान्छित कृयाकलापको नियन्त्रण गर्न सकिन्छ ।

वर्तमान समयमा सहकारी आन्दोलनको विकास र विस्तारमा सरकारको भूमिका निर्देशित र नियन्त्रणमुखी नभएर एउटा सहयोगी, प्रवर्द्धनात्मक र उत्प्रेरकको रुपमा स्थापित हुँदै आएको छ । समूहका सदस्यहरुको निमित्त सदस्यहरुद्वारा सदस्यहरुका वीच सहकारी संघ/सस्थाको गठन र संचालन केन्द्रीत गर्नु पर्दछ भन्ने मान्यताहरुको विकास हुँदै आएको छ । आउदा दिनहरुमा राज्यले के कस्ता नीतिहरु अवलम्वन गर्दा सहकारी संघ/संस्थाहरु स्वावलम्वी, खुल्ला, आत्मनिर्भर, स्वायत्त, प्रजातान्त्रिक, अनुशासित, पारस्परिक रुपमा सहयोगी, सेवा तथा आयआर्जनमुखी, पारदर्शी, सूचना तथा शिक्षामुखी, न्याय, समानता र सदस्य केन्द्रीत हुन सक्दछन् भन्ने सम्वन्धमा सरकार लगायत सबै सरोकारवाला र सहयोगीहरुको ध्यान जानु पर्ने देखिन्छ। उल्लेखित लक्ष्य प्राप्तिको दिशामा अगाडि वढ्ने क्रममा सरकारी क्षेत्रबाट नीतिगत र कानूनी व्यवस्था सुदृढ र  समय सापेक्ष वनाउने काम हुँदै आएको र आगामी दिनहरुमा समेत यस कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ ।

सहकारी संघ/संस्थाका मालिक भनेका सम्वन्धित संघ/संस्थाका सदस्यहरु नै हुन् भन्ने कुरो भुल्नु हुँदैन । संघ/संस्थामा राम्रो काम भएमा उनीहरुले फाइदा लिन सक्दछन् भने नराम्रो काम भएमा सम्पूर्ण सदस्यहरुले घाटा व्यहोर्नु पर्दछ । सहकारी संघ/संस्थाको व्यवस्थापन कार्य एउटा नियमित र निरन्तर चलिरहने कार्य हो। सम्पूर्ण सदस्यहरुको सामूहिक प्रतिनिधित्व हुने गरी संचालक समिति, लेखा समिति तथा आवश्यकता अनुसार अन्य समितिहरुको व्यवस्था गरी संघ/संस्थाका गतिविधि र कारोवारहरु सुचारु रुपमा संचालन गरिएको हुन्छ।  सहकारी संघ/संस्थाको लेखा व्यवस्थालाई सुदृढ वनाउन र आन्तरिक लेखापरीक्षणको काम सम्पादन गर्न लेखा समितिको भूमिका निर्णय र महत्वपूर्ण रहेको हुन्छ भने संस्थाको आन्तरिक कार्य संचालन र व्यवस्थापनको जिम्मेवारी संचालक समितिमा रहेको हुन्छ । उल्लेखित लेखा समिति तथा संचालक समितिले प्रचलित ऐन कानून र सहकारी सिद्धान्तको विपरित नहुने गरी संघ/संस्थाको रेखदेख र निरीक्षण गर्न सक्दछन् र गर्नु पर्दछ। कानुनी र संस्थागत रुपमा स्वायत्त सहकारी संघ/संस्थाको निरीक्षण र चेक जांच गर्ने



जिम्मेवारी सम्पूर्ण सरोकारवालाको हुने हुंदा केवल सरकारद्वारा मात्र निरीक्षण कार्य सम्पन्न गर्नु पर्ने वाध्यात्मक व्यवस्था  देखिँदैन। तर सरकार संघ/संस्थाको संरक्षक र नियमनकर्ता भएकोले सम्वन्धित सवै सरोकारवालाहरुको हित सुरक्षित गर्नु संरक्षणकर्ता वा नियमनकर्ताको दायित्व भित्र पर्ने हुंदा संघ/संस्थाको निरीक्षणमा सरकारको भूमिका महत्वपूर्ण रहेको हुन्छ । सरकारी वा संस्था भित्रैबाट संचालन गरीने निरीक्षण कार्यमा संलग्न व्यक्तिहरुले संघ/संस्थावाट सम्पन्न भएका कारोवारहरुको चेक जांच गर्दा सहकारी सिद्धान्त, प्रचलित ऐन कानून र सम्वन्धित संस्थाको विनियममा भएको व्यवस्था अनुसार भए गरेको नपाएमा आवश्यक निर्देशन दिन र गल्ती कमजोरीमा सुधार गर्न थप सुझावको सिफारीश गरी परामर्शदाताको भूमिका निर्वाह गर्नु पर्दछ।

## ७. निरीक्षणका आधारहरु :

निरीक्षणकर्ताले कुनै पनि सहकारी संघ/संस्थाको निरीक्षण गर्दा देहायका कुराहरुको आधारमा निरीक्षण कार्य गर्नु पर्दछ :-

(१) सहकारी ऐन, नियम, निर्देशिका, विभागीय आदेश, परिपत्र, र सूचनाहरु ।
(२) सहकारीका प्रचलित अन्तरराष्ट्रिय सिद्धान्तहरु ।
(३) सम्वन्धित संघ/संस्थाको विनियम र कार्य योजना ।
(४) सम्वन्धित संघ/संस्थाको लेखापरीक्षण प्रतिवेदन ।
(५) सम्वन्धित संघ/संस्थाको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन ।
(६) सम्वन्धित संघ/संस्थाको वार्षिक कार्यक्रम र वजेट ।
(७) नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था र निर्देशन ।
(८) सम्वन्धित संस्थाको कर्मचारी प्रशासन नीति, आर्थिक प्रशासन नीति, वचत तथा ऋण लगानी नीति र व्याजदर नीति ।
(९) संघ/संस्थाको विरुद्धमा परेका उजुरी र शिकायतहरु ।
(१०) पूर्व निरीक्षण प्रतिवेदन तथा त्यसले औंल्याएका सुझावहरु ।
(११) सम्वन्धित संघ/संस्थाको सम्वन्धमा पत्र पत्रिकाको टिप्पणी र प्रतिक्रियाहरु ।

(१२) लेखा समितिको प्रतिवेदन ।
(१३) संचालक समितिका निर्णय तथा प्रतिवेदनहरु ।
(१४) साधारण सभावाट पारित प्रस्ताव र निर्णयहरु ।
(१५) नेपाल राजपत्रमा प्रकाशित सूचना र निर्णयहरु ।
(१६) सम्वन्धित संघ/संस्थावाट प्रकाशित पुस्तिका, पत्रपत्रिका, अपिल, ब्रोसियर आदि ।
(१७) सरकारका नीति तथा कार्यक्रमहरु ।
(१८) अन्य प्रचलित ऐन, नियमहरु ।

## परिच्छेद-२
## निरीक्षणको जिम्मेवारी, कार्यविधि र किसिम

### १. निरीक्षणको जिम्मेवारी :

सहकरी संघ/संस्थाको निरीक्षण गर्ने जिम्मेवारी देहायका व्यक्ति र निकायहरुमा रहेको हुन्छ :-

१. सहकारी विभागका रजिष्ट्रार र मातहतका अधिकारी तथा कार्यालयहरु ।
२. नेपाल राष्ट्र बैंक ।
३. सम्वन्धित संघ/संस्थाको संचालक समिति तथा लेखा समिति ।
४. सम्वन्धित संघ/संस्थाको लेखापरीक्षक ।
५. विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, केन्द्रीय सहकारी संघ र राष्ट्रिय सहकारी संघ
६. सहकारी विकास वोर्ड ।

### २. निरीक्षण कार्यविधि :

सहकारी संघ/संस्थाको निरीक्षण कार्य निम्न अनुसारका विधिवाट सम्पन्न गर्न सकिनेछ :-

२.१ अभिलेखगत निरीक्षण :- आवश्यकतानुसार सम्वन्धित संघ/संस्थावाट विभिन्न कागजात, स्थिति विवरण, आयव्यय विवरण, नाफा(नोक्सान विवरण, वहिखाताहरु ( आम्दानी, खर्च, सम्पत्ती र दायित्व), समय समयमा



जारी गरीएका सूचना, निर्णय पुस्तिका वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षक प्रतिवेदन, आदि माग गरी कारोवारको नियमितता र औचित्यताको जांच गर्न सकिन्छ । यस प्रकारको निरीक्षण मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक रुपमा सम्पन्न गरी सम्वन्धित संघ/संस्थामा सुझाव र निर्देशन दिन सकिनेछ । निरीक्षण कार्य पूरा गरेपछि प्रत्येक निरीक्षणकर्ताले सहकारी नियमावलीमा उल्लेखित नियम २३ (२) अनुसार प्रतिवेदन तयार गरी रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ ।

२.२ स्थलगत निरीक्षण :- यस अन्तर्गत संघ/संस्थाका कार्यालय तथा गोदाममा रहेका भौतिक सरसामान र सम्पत्तिहरुको निरीक्षण गर्नुको साथै संघ/संस्थाको लागनीमा संचालन भएका केही प्रतिनिधि परि योजनाहरुको निरीक्षण अध्ययन गर्नु पर्दछ । प्रत्यक्ष निरीक्षणको दौरानमा कारोवारको गोश्वरा भौचर एवं वही खाताहरुको तुलनात्मक अध्ययन गर्नुको साथै गत आ.व.को प्रगति विवरण तथा लेखापरीक्षक प्रतिवेदन, चालु आ.व.को स्वीकृत कार्यक्रम, संचालक समितिको माइन्यूटवुक, शेयर सदस्य दर्ता किताव, वचत निक्षेप विवरण, कर्जा विवरण तथा भुक्तानी गर्नु पर्ने हिसाव, ऋण लगानी तथा संस्थाले पाउनेपर्ने हिसाव, सम्पत्ती तथा दायित्व हिसाव विवरण आदिको अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार पारी रजिष्ट्रार समक्ष पेश गर्नुको साथै सम्वन्धित संघ/संस्थालाई जानकारी दिने काम गरिन्छ ।

२.३ विशेष निरीक्षण :- कुनै संघ/संस्थाको कुनै खास किसिमको मामिला वा विषयको अध्ययन अनुसन्धान तहकिकात गर्नु परेमा कुनै पनि वेला विशेष निरीक्षण गर्न सकिनेछ । खास गरी प्राविधिक, पेशागत र कानूनी प्रकृतिको समस्याको अध्ययन अनुसन्धानको लागि एकल व्यक्ति वा समूहगत निरीक्षणको व्यवस्था गर्न सकिने छ । यस प्रकारको निरीक्षण विभागीय तथा डिभिजन कार्यालयबाट आवश्यकता अनुसार गर्न सकिनेछ । साथै प्रत्येक माथिल्लो संगठनबाट मातहतका सम्बन्धित संघ /संस्थाको विशेष निरीक्षण समेत हुनसक्नेछ ।

२.४ अनुगमन निरीक्षण :- यस प्रकारको निरीक्षण सूचना संकलन संग सम्वन्धित हुन्छ संघ/संस्थाको प्रत्येक कारोवार र क्षेत्रसंग सम्वन्धित सूचना संकलन गरी आवश्यक निर्णयको लागि सहकारी कार्यालय तथा व्यवस्थापन वा संचलक समिति समक्ष पेश गर्ने उद्देश्यले अनुगमन निरीक्षण गर्नु पर्दछ ।

**३. निरीक्षणको किसिम :**

संघ/संस्थाको निरीक्षण काम देहाय वमोजिम आन्तरिक र वाह्य गरी दुई किसिमवाट गर्न सकिनेछ :-

३.१ आन्तरिक निरीक्षण :- संघ/संस्थाको लेखा तथा व्यवस्थापन संग सम्वन्धित काम कारवाही आन्तरिक नियन्त्रण गर्ने उद्देश्यले संगठन भित्रैवाट आन्तरिक निरीक्षण गर्न सकिनेछ। संघ/संस्थाको लेखा सम्वन्धी चेक जांच र आन्तरिक लेखापरीक्षणको लागि लेखा समितिको व्यवस्था गरिएको हुन्छ भने दैनिक कार्य संचालन र व्यवस्थापन सम्वन्धी काम सम्पादन गर्न संचालक समितिको व्यवस्था गरीएको हुन्छ। संघ/संस्थाको आर्थिक तथा वित्तिय कारोवार सम्वन्धी विवरणहरुको चेक जांच गरी आर्थिक विश्लेषण गर्ने काम लेखा समितिको कार्य क्षेत्र भित्र पर्दछ । संस्थामा हुने आर्थिक अनियमितताको नियन्त्रण गरी वेरुजु हुनवाट रोक्न लेखा समितिले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । संगठन भित्र व्यवस्थापन र संचालन सम्वन्धी कारोवारहरुको आन्तरिक निरीक्षणको जिम्मेवारी संचलक समितिको काँधमा रहेको हुन्छ । सहकारी संस्थामा हुने प्रत्येक कारोवारहरुको सोधपुछ र सूचना प्राप्त गर्ने हक प्रत्येक शेयर सदस्यलाई हुने हुंदा संस्थाका गतिविधिहरुको नियमित रुपमा निरीक्षण गर्ने र आन्तरिक नियन्त्रण कार्यलाई सुदृढ पार्ने काम सवै सदस्यहरुका तर्फ बाट भएमा नै सहकारी सिद्धान्त अनुसार संस्थाले अपेक्षित लक्ष्य प्राप्त गर्न सक्दछ ।

३.२ वाह्य निरीक्षण :- सरकार सहकारी संघ/संस्थाहरुको नियमनकर्ता र संरक्षक भएकोले प्रत्येक सरोकारवालाहरुको हित र सुरक्षाको लागि काम



गर्नु उसको जिम्मेवारी भित्र पर्दछ। रजिष्ट्रार तथा उसवाट अधिकारप्राप्त अधिकारीले प्रचलित ऐन, कानून, नियम, नीति, निर्देशन, कार्यविधि, परिपत्र, सूचना, निर्णय आदिको आधारमा वित्तीय तथा गैर वित्तीय कारोवारहरुको निरीक्षण जांच गरी आवश्यक सुझाव र निर्देशन दिन सक्दछन्। त्यसैगरी स्वीकृति प्राप्त रजिष्टर्ड लेखापरीक्षकवाट संघ/संस्थाको वित्तीय कारोवारहरु संग सम्वन्धित विभिन्न वहीखाता, वित्तीय विवरणहरु जस्तै वासलात, नाफा नोक्सान खाता, व्यवसाय खाता, सन्तुलन परीक्षण आदिको चेक जाँच जरी प्रतिवेदन मार्फत संस्थाको वित्तीय तस्विर प्रस्तुत गर्ने काम गरिन्छ। राष्ट्रिय तथा केन्द्रिय संघहरुबाट मातहतका विषयगत र सम्बन्धित जिल्ला संघ लगायत प्रारम्भिक संस्थाहरुको निरीक्षण कार्य सम्पन्न गरी संम्बन्धित निकायहरुलाई आवस्यक सुझाव दिनु पर्दछ ।

## परिच्छेद-३
## सिद्धान्त, उद्देश्य, कार्यक्षेत्र र सदस्यता

**१. सहकारी सिद्धान्तको पालना :**

सहकरी ऐन, २०४८ अन्तरगत दर्ता भएका कुनै पनि संघ/संस्थावाट अन्तराष्ट्रिय सहकारी सिद्धान्तको पालना हुनुपर्दछ। अतः कुनै पनि व्यक्ति वा निकायवाट संघ/संस्था निरीक्षण गर्दा निम्नानुसारका सहकारी सिद्धान्तहरुको पालना भए नभएको सम्वन्धमा चेक जांच गर्नु पर्दछ ।

**१.१ खुल्ला सदस्यता :-** कुनै सहकारी संघ/संस्थाको सदस्यता लिने नलिने भन्ने कुरा व्यक्तिको स्वेच्छामा भर पर्दछ। कसैलाई करवलवाट सदस्य वनाउनु हुंदैन। साथै सदस्यता वितरण गर्दा राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, जातीय र लैङ्गिक विभेद गरिनु हुंदैन । निर्धारित उमेर र निश्चित कार्यक्षेत्र भित्र वसोवास गर्ने र सदस्यको हैसियतले संस्थाको जिम्मेवारी वहन गर्न स्वीकार गर्ने जुनसुकै व्यक्तिले सहकारी संस्थाको सदस्यता लिन र त्याग्न चाहेमा त्याग्न सक्नेछ ।

**१.२ प्रजातान्त्रिक नियन्त्रण :-** सहकारी संघ/संस्थामा एक व्यक्ति एक मतको सिद्धान्त लागू गरिएको हुन्छ । एउटै मात्र शेयर खरिद गर्ने र धेरै शेयर खरिद गर्ने सदस्य बीचको कानूनी हैसियत वरावर हुने हुँदा कम आर्थिक हैसियत भएको व्यक्तिले समेत प्रजातन्त्रको पूर्ण उपयोग गर्न सक्ने देखिन्छ। सहकारी संस्थाको सर्वोच्च निकाय सम्पूर्ण सदस्यहरु रहेको साधारण सभा हुने र त्यसले व्यवस्थापिका कार्यपालिका र न्यायपालिकाको कार्य गर्ने हुंदा संस्थाको गतिविधिमा सदस्यहरुको प्रजातान्त्रिक नियन्त्रण कायम रहेको हुन्छ ।

**१.३ स्वायत्तता र स्वतन्त्रता :-** सहकारी संघ/संस्थाहरु वाह्य हस्तक्षेप तथा नियन्त्रणवाट मुक्त स्वायत व्यवसायिक संस्थाहरु हुन्। संस्थाका सदस्यहरुले संगठनको कार्य संचालनको लागि आफै विनियम वनाई लागू गर्न सक्नेछन् । सदस्यहरुद्वारा स्वयम जिम्मेवारी वहन गर्ने र संस्थामा उत्पन्न हुन सक्ने खराविहरु आन्तरिक चेक जाँच द्वारा नियन्त्रण राख्ने व्यवस्था गरिएबाट सहकारीसंघ/संस्थामा वाहिय हस्तक्षेपको आवश्यकता रहेको हुँदैन ।

**१.४ आर्थिक सहभागिता :-** सहकारी संस्थाको सदस्य वन्न चाहने प्रत्येक सदस्यले शेयर खरिद गरी आर्थिक सहभागिता गर्नु पर्दछ। संस्थालाई एउटा व्यवसायिक शक्तिको रुपमा स्थापित गर्न शेयर पूँजिको रुपमा संकलित रकमले महत्वपूर्ण काम गर्न सक्दछ। सदस्यहरुले आफ्नो शेयर लगानी अनुपातको आधारमा सिमित लाभांस प्राप्त गर्न सक्दछन् भने वाँकी वचत रकमवाट विभिन्न कोष खडा गरी संस्थागत सुदृढीकरण र सामाजिक हितको लागि कार्य सम्पादन गर्न सकिन्छ ।

**१.५ शिक्षा, तालिम र सूचना :-** सहकारी संघ/संस्थाका प्रत्येक कृयाकलापको जानकारी प्रत्येक सदस्यहरुलाई हुनु पर्ने हुंदा दोहोरो संचार संयन्त्र स्थापना गरी एक सदस्यलाई प्राप्त भएको जानकारी वा सूचना अन्य सदस्यलाई



दिनु पर्दछ। प्रभावकारी संचार र सहकारी शिक्षा तथा तालिमको माध्यमबाट संस्थाको कारोवारमा पारदर्शिता कायम गर्न सकिन्छ । सहकारी शिक्षा कोषमा जम्मा भएको रकम सदस्यहरुको शिक्षा र तालिममा खर्च गरी उनीहरुको क्षमता अभिवृद्धि गर्नु पर्दछ ।

**१.६ अन्तर सहकारी सहयोग :-** सहकारी संघ/संस्थाको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न अन्तर सहकारी सहयोगको आवश्यकता पर्दछ । देशभित्र संचालित संस्थाहरु वीच सहयोग वढाउन विषयगत संघ, जिल्ला संघ, केन्द्रीय सघ र राष्ट्रिय संघले महत्वपूर्ण भूमिका खेल्नु पर्दछ। साथै राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहकारी संजालको निर्माणवाट सहकारी क्षेत्रमा वैदेशिक सहयोग लिन दिन सकिनेछ ।

**१.७ समुदाय प्रति चासो :-** सहकारी संघ/संस्थाहरु सदस्यहरुको हितको लागि गठन हुने हुंदा समुदायमा आधारित रहेका हुन्छन् । समुदायको अभिन्न अंग भएकोले सहकारी संघ/संस्थाले सामाजिक उत्तरदायित्वको भावना अनुरुप सामुदायिक विकास र संरक्षणका कार्यहरु गर्नु पर्दछ । सामुदायिक भावना अनुरुप काम गर्न सकेमा नै सहकारी संघ/संस्थाहरु समुदायमा स्थापित हुन सक्दछन् । सहकारी संघ/संस्थाहरुले सामुदायिक/सामाजिक जिम्मेवारी पूरा गर्न आफ्नो वचत रकमवाट विभिन्न कोषहरु खडा गरी शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, वृक्षारोपण, बाटोघाटो, कुलो, पानी र दैवीप्रकोप उद्धार, सम्वन्धी कामहरु संचालन गर्नुपर्दछ ।

## २. उद्देश्यअनुसारको काम हुनु पर्ने :

सहकारी संघ/संस्था गठन गर्दा तयार पारिएको विनियममा उक्त संगठनको उद्देश्य स्पष्ट रुपमा किटान गरीएको हुन्छ। प्रत्येक संघ/संस्थाले आ-आफ्नो उद्देश्य मुताविक कार्ययोजना वनाई कार्यक्रम संचालन गर्नु गराउनु पर्दछ । कसैले उद्देश्य विपरीत काम गर्नु गराउनु हुंदैन । सम्वन्धित सदस्य, संचालक, व्यवस्थापक र कर्मचारीले गरेको काम कारवाहीवाट संस्थाको उद्देश्य प्राप्तीमा सहयोग पुगेको हुनु पर्दछ । संघ/संस्थाको उद्देश्यलाई महत्वपूर्ण मापदण्ड र

सूचांकको रुपमा प्रयोग गरी निरीक्षण कर्ताले संघ/संस्थाको गतिविधि र कारोवारहरुको चेक जांच गर्नु पर्दछ। निरीक्षण गर्दा संघ/संस्थाको काम कार वाहीवाट उद्देश्य प्राप्तीका सहयोग भएमा कामको प्रभावकारीता प्रमाणित हुन सक्दछ । उद्देश्य वमोजिम काम गर्न नसक्ने संघ/संस्थाहरुको कारोवार अप्रभावकारी सिद्ध हुन पुग्दछ ।

**३. निर्धारित कार्यक्षेत्र भित्र कारोवार हुनु पर्ने :-**

सहकारी संस्थाहरु सामुदायिक स्तरमा संचालित व्यवसायिक संगठनहरु हुन् । संस्थाका सदस्यहरुको सहज पहुँचलाई ध्यानमा राखेर संस्थाको कार्यक्षेत्र निर्धारण गरिएको हुन्छ र गर्नुपर्दछ। सदस्यहरुवीच संस्थाको कारोवार सिमित हुने हुंदा ठूलो कार्यक्षेत्र निर्धारण भएमा सदस्यहरुले सहज रुपमा सेवाको उपयोग गर्न सक्ने देखिँदैन । सहकारी नियमावली २०४९ मा व्यवस्था भए अनुसार सहकारी संस्थाको कार्य क्षेत्र गा.वि.स. भएमा भौगोलिक रुपा जोाडिएको पांच गा.वि.स.हरु , नगरपालिका भए एक नगर पालिका र उपमहानगर पालिका तथा महानागरपालिका भए जोडिएका पांच वडाहरु कायम गरिएको छ । निरीक्षण गर्दा उल्लेखित कार्य क्षेत्र भित्र सिमित रहेर संस्थाले आफ्ना सदस्यहरु बीच कारोवार संचालन गरे नगरेको सम्वन्धमा जांचवुझ गर्नपर्दछ।

**४. शाखा प्रशाखा खोल्न वन्देज :**

सहकारी संघ/संस्थाले आफ्नो शाखा वा प्रशाखा खोली कार्यक्रम संचालन गर्नमा वन्देज लगाइएको छ । तर भौगोलिक पहुँचको आधारमा संस्थाहरु एकिकरण र विभाजन हुन सक्ने व्यवस्था छ । ज्सवाट व्यवस्थापन कार्यमा स्वायत्तताको प्रत्याभूती गर्न सकिनेछ। निरीक्षणको क्रममा संस्थाले कारोवार विस्तारको लागि शाखा/प्रशाखा संचालन गरेको वा संस्था विभाजन गरी कारोवारको क्षेत्र विस्तार गरेको छ, छैन हेर्नु पर्दछ ।

**५. संस्थाको सदस्यता तथा सदस्यहरुको जिम्मेवारी :**

सहकारी संघ संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित, संगठित संस्था हुने हुँदा यसको सदस्य हुनकोलागि संस्थाको शेयरखरिद गर्ने, संस्थाको निर्धारित कार्यक्षेत्र भित्र वसोवास गर्ने व्यक्ति वा कारोवार संचालन गर्ने अन्य निकाय



हुनु पर्दछ। साथै सदस्यताको लागि सम्वन्धित संस्थाको विनियममा उल्लेखित शर्त पूरा गर्ने र नेपाली नागरिक हुनु पर्ने कानूनी व्यवस्था भएकोले निरीक्षणकर्ताले उललेखित प्रावधान अनुसार सदस्यता वितरण भए नभएको हेर्नु पर्दछ । प्रत्येक सहकारी संस्थाहरुको आर्थिक, सामाजिक र व्यवसायिक जिम्मेवारी रहेको हुन्छ। सो जिम्मेवारी वहन गर्नवाट पछाडि हट्ने व्यक्ति वा संस्था सहकारी संस्थाको सदस्य वन्न सक्दैन्। प्रत्येक सदस्यले आफ्नो वचत रकम सुरक्षित रुपमा परिचालन भए नभएको हेर्नुको साथै साधारण सभामा सहभागि भै छलफल र अन्तरक्रिया गर्ने, राम्रा नराम्रा कामको समीक्षा गर्ने, भावि कार्यक्रम तथा कार्ययोजना तर्जुमा गर्ने, साधारण सभाको निर्णयानुसार विभिन्न समितिमा वसी तोकिए अनुसारका कामहरु गर्ने, आफ्नो उत्पादन र सेवा संस्थामा बिक्रीवितरण गर्ने, संस्थाका निर्णय र क्रियाकलापको वारेमा जानकारी लिने दिने, अनियमित भए गरेको थाहा भएमा उजुर गर्ने आदि जिम्मेवारी पालना गर्नु पर्दछ ।

## परिच्छेद-४
## व्यवस्थापन र कार्य संचालन विधि

निरीक्षकले सहकारी संघ संस्थाको व्यवस्थापन र कार्य संचालन सम्वन्धमा देहाय वमोजिम भए नभएको निरीक्षण गरी आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ :-

(क) साधारण सभाको कार्य सञ्चालन तथा व्यवस्थापन विधि :-

(१) संघ/संस्थाको विनियम साधारण सभावाट पारित भै रजिष्ट्रारवाट स्वीकृत भएपछि लागु हुनेछ। विनियमको संशोधन साधारण सभाको दुई तिहाई वहुमतले गर्न सकनेछ। संशोधित विनियम पनि रजिष्ट्रारको स्वीकृति पछि मात्र लागू हुनेछ। विनियमको तर्जुमा र स्वीकृति संम्वन्धमा उल्लेखित प्रकृयावाट भए नभएको ।

(२) संचालक समिति तथा लेखा समितिको निर्वाचन, समिति विघटन, संचालकको वरखास्ती, वार्षिक कार्यक्रम र वजेट तर्जुमा, वार्षिक हिसाव किताबको अनुमोदन, व्यवसस्थापन तथा कर्मचारीहरुको नियुक्ति, संस्थाको एकिकरण

र विभाजन सम्वन्धी निर्णय आदि साधारण सभावाट भए नभएको ।

(३) विनियम संशोधनको लागि साधारण सभाको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको वहुमतले गरेको निर्णय मान्य हुनेछ । साधारण सभामा भएको निर्णय र काम कारवाहीको अभिलेख ।

(४) प्रत्येक संघ/संस्थाको दर्ता भएको मितिले ३ महिना भित्र प्रारम्भिक साधारणसभा र आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र साधारण सभा वोलाए नवोालएको र नियमावलीमा उल्लेख भए अनुसारको गणपुरक संख्या उपस्थित भए नभएको ।

(५) संघ/संस्थाहरुको एकिकरण र विभाजन गर्दा साधारण सभाको दुई तिहाई वहुमतवाट निर्णय गरी रजिष्ट्रारको स्वीकृतिमा कार्यान्वयन भयो भएन हेर्नु पर्दछ ।

(६) साधारण सभाको वहुमतको निर्णयवाट संचालक समिति तथा लेखा समितिको कुनै सदस्यलाई निस्काशन गर्न वा समिति नै विघटन गर्न र नयां सदस्य वा समितिको निर्वाचन गर्नसक्ने व्यवस्था छ । निरीक्षणको क्रममा सदस्यको निस्काशन वा समितिको विघटन तथा नयाँ समितिको निर्वाचन भएको भए औचित्यपूर्ण थियो, थिएन ।

(७) साधारण सभाको वैठकको मिति, स्थान, समय र एजेण्डा वैठक वस्नु पूर्व सदस्यहरुलाई उपलव्ध गराईएको छ, छैन ।

(ख) <u>सञ्चालक समितिको कार्य सञ्चालन र व्यवस्थापन विधि :-</u>

(१) संघ/संस्थाको विनियममा व्यवस्था भए अनुसार संचालक समितिको वैठक वस्ने गरेको छ, छैन । वैठकका निर्णयहरु संस्थाको उद्देश्य प्राप्ती तर्फ उन्मूख छन् छैनन् ।

(२) विनियममा उल्लेखित उद्देश्य वमोजिम संचालक समितिले आफ्नो कार्य योजना वनाएर काम गरे नगरेको ।

(३) सामान्य अवस्थामा संघ/संस्थाका पदाधिकारीहरुलाई दिइने जिम्मेवारी विनियममा उल्लेख हुने र खास अवस्थामा संचालक समितिद्वारा दिइने जिम्मेवारी निज पदाधिकारीवाट पूरा भए नभएको ।



(४) संचालक समिति तथा लेखा समितिको वैठक नियमित रुपमा वस्ने गरेको छ, छैन र वैठकमा भएका निर्णय र कामकारवाहीहरुको अद्यावधिक भिलेख राखे नराखेको ।

(५) संचालक समिति तथा लेखा समितिको कुनै सदस्य वा कर्मचारीलाई संस्थाको तर्फवाट ठेक्कापट्टा दिए नदिएको ।

(६) संघ/संस्थाले राजनैतिक दल तथा धार्मिक सम्प्रदाय वा अन्य व्यक्ति तथा संस्थालाई आर्थिक सहयोग दिन पाउँदैन सो को पालना गरे नगरेको ।

(७) कुनै संस्थाको संचालक उक्त संस्थाको कर्मचारीको रुपमा काम गरी तलव भत्ता लिने गरेको छ, छैन, ।

(८) वहुद्देश्यीय संस्थाले एकल उद्देश्यको लागि र एकल उद्देश्य भएका संस्थाले वहुउद्देश्य प्राप्तीको लागि काम गरे नगरेको ।

(९) संघ/संस्थामा भए गरेका काम कारवाही र निर्णयहरुको जानकारी सम्वन्धित सहकारी कार्यालयमा नियमित रुपमा पठाउने गरेको छ, छैन ।

(१०) समय समयमा नेपाल सरकारवाट जारी भएका सूचना र नीतिहरुको कार्यान्वयन भए नभएको ।

(११) सहकारी विभाग र मातहतका डिभिजन सहकारी कार्यालयवाट जारी भएका परिपत्र, सूचना र निर्देशनहरुको पालना भए नभएको ।

(१२) कुनै सदस्यले जतिसुकै संख्यामा शेयर खरिद गरेको भए पनि एक व्यक्ति एक मतको आधारमा मत जाहेर गर्न पाउने सैद्धान्तिक मान्यता अनुसार काम भएको नभएको ।

(१३) संचालक समितिको कार्यावधि पांच वर्षमा नवढ्ने गरी विनियममा व्यवस्था भए अनुसार हुने र उक्त अवधि समाप्त हुनु अगावै नयाँ समितिको निर्वाचन गराउनु पर्ने कानुनी व्यवस्था भए अनुसार प्रत्येक संघ/संस्थाले नयाँ कार्य समितिको निर्वाचन गरे नगरेको ।

(१४) संघ/संस्थाको दैनिक कार्य संचालनको लागि संचालक समितिले आवश्यकता अनुसार कर्मचारीहरु र सल्लाहकार नियुक्ति गर्दा साधारण सभाले अनुमोदन वा स्वीकृती प्रदान गरेको प्रकृया बमोजिम भए गरेको छ, छैन ।

(१५) संघ/संस्थाको कार्य संचलनको लागि नियुक्त कर्मचारी तथा सल्लाहकार हरुको पारिश्रमिक तथा सेवाका शर्तहरु सम्वन्धित संस्थाको विनियममा व्यवस्था भए वमोजिम भए नभएको ।

(१६) संघ/संस्थाको साधारण सभाले कर्मचारी प्रशासन सम्वन्धी नीति तथा नियमहरु तर्जुमा गरी कार्यान्वयन ल्याएको छ, छैन ।

(१७) संघ/संस्थाको संचालन र व्यवस्थापन संम्वन्धी खर्च संस्थाको आयले धान्न सक्ने छ, छैन । संगठनको कारोबार संचालनमा त्यस प्रकारका खर्चको औचित्यता र आवश्यकता थियो/थिएन ।

(१८) संघ/संस्थाको भावी कार्यक्रम संगठनको उद्देश्य अनुरुप तर्जुमा भएको छ, छैन र कार्यक्रम तर्जुमामा सदस्यहरुको सहभागिता उत्साहजनक थियो थिएन ।

(१९) संघ/संस्थाको अभिलेख तथा सूचना व्यवस्थापन प्रणाली उपयुक्त छ, छैन ।

(२०) संघ/संस्थामा भए गरेका कारोवारहरुको प्रतिवेदन नियमित रुपमा सम्वन्धित डिभिजन सहकारी कार्यालयमा पठाउने गरेको छ, छैन ।

(२१) संघ/संस्थावाट सहकारी विभाग र सो अन्तरगतका कार्यालयहरुद्वारा जारी भएका परिपत्र र निर्देशनहरुको पालना भएको छ, छैनन् ।

(२२) संचालक समिति तथा लेखा समितिवाट भएका निर्णयहरु सहकारी सिद्धान्त र संघ/संस्थाको विनियममा उल्लेखित उद्देश्य अनुरुप छन्, छैनन् ।

(२३) संघ/संस्थाको काम कारवाहीवाट संगठनको उद्देश्य प्राप्त हुन सक्छ, सक्दैनन् र संघ/संस्थाको उद्देश्य विपरीत काम कारवाही भएको छ, छैन ।

(२४) संचालक समितिले आफ्नो अधिकार उपसमिति र कर्मचारीहरुलाई प्रत्यायोजित गरेको छ, छैन । अधिकार प्राप्त व्यक्ति तथा निकायले प्रत्यायोजित अधिकारको उपयोग गरी कार्य सम्पादन गरेको छ, छैन ।

(२५) संचालक समितिको वैठक विनियममा व्यवस्था भए वमोजिम नियमित रुपमा वस्ने गरेको छ, छैन । वैठकका निर्णयहरु वहुमत वा सर्वसम्मत कुन तरिकावाट पारित भएका छन् ।

(२६) संचालक समितिका निर्णयहरु सहकारी ऐन, नियम र सम्वन्धित संघ/संस्थाको विनियम वमोजिम छन्, छैनन् ।

(२७) रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारीहरुले माग गरेको वखत संघ/संस्थाले आफ्नो अभिलेख, कागजात र सूचनाहरु उपलव्ध गराएको छ, छैन ।



(२८) सदस्यले माग गरेको वखत संघ/संस्थाको कारोवारहरुको विवरण उपलव्ध गराईएको छ , छैन ।

(२९) संघ/संस्थाको विनियममा तोकिए वमोजिमको काम कर्तव्य र अधिकार सचालक समिति वा लेखा समितिका पदाधिकारीहरुले सम्पादन गरेका छन्, छैनन् ।

(३०) संघ/संस्था लगातार दुई वर्ष सम्म कुनै कारोवार नगरी निष्कृय रुपमा र रहेको छ, छैन ।

(३१) कुनै सदस्यको शेयर संघ/संस्थाको ऋण वा दायित्व वाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम भएको छ, छैन ।

## परिच्छेद-५

## पूँजी तथा दायित्व र सम्पत्तीको निरीक्षण

**१. पूँजिको जाँच तथा निरीक्षण :** पूँजी भन्नाले संस्थाको कारोवार संचालनको लागि लगानी भएको श्रोत साधन तथा रकम भन्ने वुझिन्छ । आय वृद्धि गर्ने प्रयोजनको लागि संस्थामा सृजना गरिएको साधन श्रोतको मौज्दात नै पूँजी हो । संस्थामा विभिन्न श्रोत साधनको रुपमा परिचान भएको पूँजि सम्वन्धमा निरीक्षण कर्ताले देहाय अनुसार भए नभएको हेर्नु पर्दछ ।

**१.१. शेयर पूँजी :** शेयर पूँजी संस्थाको विज पूँजी (Seed Capital) हो । संघ/संस्थाले शेयर पूँजी संकलन गर्दा आफ्नो कार्यक्षेत्र भित्र वसोवास गर्ने सदस्यहरु र विनियममा उल्लेख भए अनुसारका अन्य निकायहरुवाट शेयर विक्री गरी संकलन गर्नुपर्दछ। कुनै एक व्यक्ति वा संस्थालाई कुल शेयर को वीस प्रतिशतमा नवढ्ने गरी शेयर विक्री गर्नु पर्दछ। नेपाल सरकार वा यसको स्वामित्वमा संचालिन संघ/संस्थालाई वीस प्रतिशतको वन्देज लागू हुने छैन। तर अन्तर राष्ट्रिय सहकारी महासंघको सदस्य रहेको कुनै विदेशी सहकारी संघ/संस्थालाई भने कुल पूँजीको वीस प्रतिशत भन्दा वढी शेयर विक्री हुन सक्नेछैन ।

**१.२. ऋण पूँजी :** संघ/संस्थाले ऋणपत्र जारी गरी र स्वदेशी वा विदेशी बैंकवाट ऋण पत्र लिन सक्नेछ। तर ऋणपत्र जारी गर्न वा विदेशी

वैंकवाट ऋण लिनु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।साथै नेपाल सरकारले तोकिएको शर्त र वन्देजको अधिनमा रही संघ/संस्थाले ऋणको भुक्तानी गर्नुपर्नेछ ।

**१.३. वचत निक्षेप संकलन :** सहकारी संघ/संस्थाले आफ्ना सदस्यहरुवाट मात्र वचत रकम स्वीकार गर्न र उनीहरुलाई कर्जा दिन सक्नेछ । तर सहकारी संघ/संस्थाले वचत तथा कर्जा लगायतका अन्य वैकिङ्ग कारोवार संचालन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति आवश्यक पर्ने र नेपाल राष्ट्र बैंकले तोकेको शर्त वा दिएको निर्देशन पालना गर्नु पर्दछ ।

**१.४. जगेडा कोषः-** संघ/संस्थाले प्रत्येक वर्ष आफ्नो खुद वचत वा मुनाफको घटीमा एक चौथाई रकम जगेडा कोषमा राख्नु पर्दछ । जगेडा कोषको संचालन र उपयोग संबन्धित संघ/संस्थाको विनियममा व्यवस्था भए वमोजिम हुनेछ ।

**१.५. अन्य कोषहरु :-** संघ/संस्थाले आर्जन गरेको खुद मुनाफावाट जगेडा कोषमा रकम छुट्टयाई सकेपछि बांकी रहन आएको रकम मध्येवाट देहाय अुसारका कोषहरु खडा गरी रकम परिचालन गर्न सकिनेछ :-

(क) शेयर लाभांश कोष

(ख) संरक्षित कोष

(ग) कर्मचारी वोनस कोष

(घ) सहकारी शिक्षा कोष र

(ङ) घाटा पूर्ति कोष

उल्लेखित कोषहरुमा जम्मा हुने रकमको हद संचालक समितिले तोकिदिए वमोजिम हुने र छुट्टाछुट्टै खातामा राखी संचालन गर्नु पर्दछ। तर वार्षिक शेयर लाभांशको रकम शेयर पूँजीको १५ प्रतिशत भन्दा वढी नहुने गरी वितरण गर्नु पर्नेछ ।

**२. संपत्तिको निरीक्षण :-** संघ/संस्थाको सम्पत्ती अन्तरगत घर, जग्गा, मेशिन, औजार, सवारी साधान, कलकारखाना, आसामी, नगद, बैंक मौज्दात,



विक्री गरी वांकी मौज्दात समान, कच्चा पदार्थ, अर्ध प्रसोधित तथा प्रसोधित सामान, फर्निचर आदि पर्दछन् । संस्थाको सम्पत्तीलाई निम्नानुसार स्थिर र चालु दुईभागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :(

**२.१. स्थिर सम्पत्तीको निरीक्षण :** संघ/संस्थाको स्थिर सम्पत्तिको जाँच गर्दा निम्नानुसार भए नभएको हेर्नु पर्दछ :-

(क) संघ/संस्थाको स्वामित्वमा रहेको घर, जग्गा, मेशिन, औजार, सवारी साधन, फर्निचर आदि सरसामानहरुको अभिलेख अध्यावधिक रुपमा राखे नराखेको हेर्नु पर्दछ ।

(ख) स्थिर सम्पत्तीको निर्धारित मापदण्ड वमोजिम ह्रास कट्टी गर्ने गरिएको छ, छैन ।

(ग) प्रयोगमा नआउने आवस्थाका सरसामान र सम्पत्ति लिलाम विक्रीको प्रक्रियामा लागिएको छ, छैन ।

(घ) सम्पत्तिको नियमित अनुगमन गरी भौतिक अवस्था जांच गर्ने काम भएको छ, छैन । सम्पत्तीको उचित संभारको व्यवस्था भएको छ, छैन ।

(ङ) सम्पत्ति वा सरसामान अख्तियार प्राप्त अधिकारीवाट स्वीकृति लिइ खरिद र खर्च गर्ने गरीएको छ, छैन ।

(च) सम्पत्ती वा सरसामान खरिद गर्दा आवश्यक नियम र प्रकृया पुरागरी खरिद भएको छ, छैन ।

(छ) विना कुने आवश्यकता र औचित्य विना सम्पत्ती र सर सामान खरिद भएको छ, छैन र संस्थाको सामान र सम्पत्ती व्यक्तिगत रुपमा प्रयोगमा लगाइएको छ, छैन ।

**२.२. चालु सम्पत्तीको निरीक्षण :** संघ/संस्थाको चालु सम्पत्तीको निरीक्षण गर्दा देहाय अनुसार भए नभएको हेर्नु पर्दछ :(

**२.२.१ नगद हिसाव :**

(क) संघ/संस्थामा मौज्दात रहेको नगद रकम दैनिक कारोवार को लागि प्रयाप्त छ, छैन । मौज्दात रकमको सुरक्षा

व्यवस्था भरपर्दो छ, छैन ।

(ख) दैनिक कारोवारको लागि चाहिने भन्दा वढी रकम नियमित रुपमा बैंक खातामा जम्मा गर्ने गरिएको छ, छैन ।

(ग) नगद मौज्दात रकम दैनिक नगद कितावसंग भिड्छ भिड्दैन ।

(घ) नगद रकम राख्ने जिम्मेवारी कुनै पदाधिकारीलाई तोकिएको छ, छैन । तोकिएको भए उक्त रकम सम्वन्धित व्यक्तिको जिम्मामा रहेको छ, छैन ।

**२.२.२ बैंक हिसाव :-**

(क) संघ/संस्थाको नाउँमा कुन कुन बैंकमा के कति रकम रहेको छ ।

(ख) संघ/संस्थाले देखाएको बैंक मौज्दात र बैंकवाट प्राप्त पासवुकको मौज्दात रकम भिड्छ, भिड्दैन ।

(ग) नियमित रुपमा बेंक स्टेट्मेण्ट लिने गरेको छ, छैन ।

(घ) बैंकले दिने गरेको व्याज रकम संघ/संस्थामा आम्दानी देखाइएको छ, छैन ।

(ङ) समय समयमा संघ/संस्था र बैंक मौज्दात वीच हिसाव मिलान गर्ने गरिएको छ, छैन ।

**२.२.३ पाउनु पर्ने हिसाव :-**

(क) संघ/संस्थाले अन्य व्यक्ति वा संस्थावाट पाउनु पर्ने हिसावको स्पष्ट रुपमा अभिलेख राखेको छ, छैन ।

(ख) पाउनु पर्ने रकम वास्तविक हो होइन ।

(ग) लगानीवाट प्राप्त व्याजलाई पाउनु पर्ने हिसावमा देखाईएको छ, छैन ।

**२.२.४ लगानी हिसाव :**

(क) ऋण लगानी नीति तथा कार्यविधिको तर्जुमा गरी ऋण प्रदान गर्ने सिमा र शर्तहरु निर्धारण भएको छ, छैन ।

(ख) ऋण लगानी संघ/संस्थाका सदस्यहरुमा मात्र सिमित रहेको छ छैन ।



(ग) ऋण लगानी गर्दा तयार पारिएको कागजात रितपूर्वक छ, छैन ।

(घ) ऋण स्वीकृत अख्तियार प्राप्त व्यक्तिवाट भएको छ, छैन ।

(ङ) संघ/संस्थावाट ऋण लगानी पछि ऋणको सदुपयोग सम्वन्धमा नियमित अनुगमन भएको छ, छैन ।

(च) ऋण दिंदा लिएको धितो/जमानी प्रयाप्त छ, छैन ।

(छ) शर्त अनुसार सावां व्याज असुल उपर भए नभएको र नभएकोमा ताकेता गरी असुल उपरको स्पष्ट कारबाही शुरु भएको छ, छैन ।

(ज) व्याजदर र हर्जाना सम्वन्धी स्पष्ट नीति छ, छैन ।

(झ) पुरानो ऋण नतिर्नेलाई नयाँ ऋण प्रदान गरीएको छ, छैन ।

(ञ) दुरुपयोग भएको, म्याद नाघेको र संकास्पद ऋण असुल उपर गर्न आवश्यक प्रकृया समयमा नै अपनाइएको छ, छैन । साथै सो सम्वन्धमा संस्थाले अपनाएको कदम प्रयाप्त छ, छैन ।

## परिच्छेद-६
## कोष, अभिलेख र हिसाव जाँच

१. कोष संचालन : प्रत्येक संघ/संस्थाको आफ्नो एउटा छुट्टै कोष हुने र उक्त कोषमा ऋण लगायत सवै प्रकारको आम्दानी, स्वदेशी तथा विदेशी अनुदान रकम, सदस्यता शुल्क, शेयर विक्रीबाट प्राप्त रकम, सम्पत्ति तथा सर सामानको विक्रीबाट प्राप्त रकम र अन्य श्रोतबाट प्राप्त रकम जम्मा गरीनेछ । संघ/संस्थाको कोषमा प्राप्त रकम कुनै वैंकमा संघ/संस्थाको नाममा खाता खोली जम्मा गरिनेछ । खाताको संचालन संचालक समितिले तोकेको संचालक र व्यवस्थापकको संयुक्त दस्तखतबाट हुनेछ । कोषमा

जम्मा भएको रकम विनियममा व्यवस्था भए वमोजिमको कार्यमा खर्च गरिनेछ । संघ/संस्थाको निरीक्षण गर्दा कोष परिचालन संम्वन्धमा देहाय वमोजिम भए नभएको हेर्नु पर्दछ :-

(क) कोषको रकम संघ/संस्थाको नाममा खाता खोली वैंकमा जम्मा भएको छ, छैन ।

(ख) खाताको संचालन संचालक समितिले तोकेको संचालक र व्यवस्थापकको संयुक्त दस्तखतबाट भएको छ, छैन ।

(ग) कोषको रकम खर्च गर्दा औचित्यपूर्ण तरिकाले विनियममा व्यवस्था भएको काममा खर्च गरिएको छ, छैन ।

(घ) संघ/संस्थामा प्राप्त सवै प्रकारका आम्दानी रकम तथा ऋण रकम कोषमा जम्मा भएको छ, छैन ।

(ङ) रकम खर्च गर्दा आवश्यक नियम र प्रक्रिया पुरा गरी खर्च भएको छ, छैन ।

२. **अभिलेख व्यवस्थापन :-** प्रत्येक संघ/संस्थाले आफ्नो कारोवार संचालनको शिलशिलामा देहाय अनुसारका अभिलेखहरु राख्नु पर्नेछ । संघ/संस्थाको निरीक्षण जाँच गर्दा त्यस प्रकारका अभिलेखहरु अध्यावधिक राखे नराखेको हेर्नुपर्दछ ।

- ☐ सदस्य दर्ता किताव ।
- ☐ प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा, संचालक समिति, लेखा समिति तथा उपसमितिहरुको छुट्टाछुट्टै कार वाही किताव ।
- ☐ नगदी वही ।
- ☐ कारोवार दर्ता किताव ।
- ☐ शेयर दर्ता किताव ।
- ☐ स्टक दर्ता किताव ।
- ☐ ऋण लेनदेन दर्ता किताव ।
- ☐ वेरुजू एवं संपरीक्षण खाता ।



- ☐ व्यक्तिगत खाता ।
- ☐ आम्दानी, खर्च, सम्पत्ति र दायित्व संवन्धी अलग अलग खाताहरु ।
- ☐ संचालक समितिले तोके अनुसारका अन्य अभिलेख खाताहरु ।

३. **हिसा जाँच व्यवस्था :** निरीक्षणकर्ताले संघ/संस्थाको हिसाव जाँच सम्वन्धमा देहाय अनुसार भए नभएको हेर्नु पर्दछ :-

**(क) अन्तरिक लेखापरीक्षण :**

आन्तरिक लेखापरीक्षण तथा आन्तरिक चेक जाँच संस्था भित्रैबाट सम्पन्न गरीन्छ । आन्तरिक लेखापरीक्षणको मूल उद्देश्य संघ/संस्थाको लेखा प्रणाली ठीकसँग राख्न सहयोग गर्नु हो । कुनै कुरा छुट भएको भए पुरा गर्न लगाउने, असुल उपर गर्नु पर्ने भए असुल उपर गराउने, कुनै काम अनियमित हुनबाट रोक्ने आदि यसका अन्य उद्देश्यहरु हुन् । संघ/संस्थाको कारोवारहरुको नियमितता, शुद्धता र यथार्थताको जाँच गरी वेरुजू हुनबाट रोक्ने र भएको खण्डमा फछ्र्यौट गर्न लगाउने आन्तरिक लेखा परीक्षणका कामहरु हुन् । सहकारी संघ/संस्थाको आन्तरिक लेखा परीक्षण गराउने जिम्मेवारी लेखा समितिमा रहेको हुन्छ । संघ/संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने, गराउने क्रममा लेखा समितिले आर्थिक कारोवारको निरीक्षण तथा चेक जाँच गरी प्रतिवेदन तयार गर्ने र उक्त प्रतिवेदन साधारण सभामा छलफलको लागि पेश गर्नु पर्दछ ।

**(ख) अन्तिम लेखा परीक्षण :**

प्रत्येक संघ/संस्थाले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र आफ्नो सम्पूर्ण कारोवारको हिसाव जाँच गर्न लेखापरीक्षण गराउनु पर्नेछ । लेखापरीक्षकको नियुक्ति साधारण सभाबाट हुने र सो नियुक्तीलाई रजिष्ट्रार वा निजले तोकेको अधिकारीबाट स्वीकृती प्रदान गरेको हुनु पर्नेछ । एउटै व्यक्ति वा फर्म वा कम्पनीलाई लगातार तीन पटक भन्दा बढी लेखापरीक्षकमा नियुक्त गर्न सकिने छैन । लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन भएको हुनु पर्दछ । संघ/संस्थामा नियुक्त लेखापरीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेत विचार गरी देहाय वमोजिमका विषयहरुको चेक जाँच र

परीक्षण गर्नु पर्दछ :-

१. साधारण सभाले विभिन्न कार्यहरु गर्न स्वीकृत प्रदान गरेको सिमाभित्र रही संघ/संस्थाबाट रकम खर्च भएको छ, छैन ।
२. प्रचलित ऐन कानून र विनियममा व्यवस्था भए अनुसार संघ/संस्थाले आर्थिक कारोवार संचालन गरेको छ, छैन ।
३. संघ/संस्थामा आम्दानी खर्चको एथेष्ट प्रमाण छ, छैन ।
४. तोकिएको ढाँचा अनुसार लेखा राखी आर्थिक कारोवारको यथार्थ र पारदर्शी तरिकाले चित्रण गरेको छ, छैन ।
५. संपत्तिको लगत दुरुस्त र अद्यावधिक राखी सो को संरक्षणको प्रर्याप्त व्यवस्था भएको छ, छैन ।
६. नगदी, जिन्सी तथा अन्य सम्पत्ति समेतको हानी, नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक निरीक्षण र आन्तरिक लेखापरीक्षणको व्यवस्था गरीएको छ, छैन ।
७. आम्दानी, खर्च, जगेडाकोष, लाभांसकोष र विनियममा व्यवस्था भए अनुसारका अन्य कोषहरुको लेखा ठीक छ, छैन । लेखा राख्ने सम्वन्धमा नियम वनेको छ, छैन । नियम वनेको भए सो को पालना भएको छ, छैन ।
८. ऋण, जमानत र निक्षेपको लेखा यथार्थपरक छ, छैन ।
९. व्यवसायिक सेवा वा कारोवारको आम्दानी-खर्च लेखा, जिन्सी तथा नगद मौज्दात तथा अन्य आर्थिक कारोवारहरु सम्वन्धी नियमहरु प्रर्याप्त छन्, छैनन् र भएमा तिनीहरुको पालना भएको छ, छैन ।
१०. संघ/संस्थामा उपलव्ध श्रोत साधन र सम्पत्तिको समुचित उपयोग भएको छ, छैन र त्यसको सम्भारमा ध्यान पुऱ्याइएको छ, छैन ।
११. लागत खर्चको सिमा भित्र रही कार्यक्रम संचालन भै लक्ष्य अनुसार प्रगति भएको छ, छैन र लागतको तुलनामा प्रतिफल मनासिव छ, छैन । सम्पन्न कामको परिमाण र गुणस्तर सन्तोषजनक छ, छैन ।

माथि उल्लेख भए अनुसार आन्तरिक र अन्तिम लेखा परीक्षण कार्य भए नभएको वारे निरीक्षण जाँच गर्दा हेर्नु पर्दछ ।



## परिच्छेद-७
## नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था र अनुगमन प्रणाली

नेपाल राष्ट्र बैंकले सिमित बैकिङ्ग कारोवारको लागि स्वीकृत प्राप्त वचत तथा ऋण सहकारी संस्थाको अनुगमन प्रणालीमा प्रभावकारिता ल्याउन गरेको देहाय नीतिगत व्यवस्था गरेको छ । निरीक्षण गर्दा यी आधारहरु मार्गदर्शन हुनेछ ।

**(क) शर्तद्वारा गरीएको नीतिगत व्यवस्था :**

१. राष्ट्रिय हित र संवन्धित संस्थाको स्वार्थको दृष्टिकोणले संस्थाको शेयरपूँजीको स्वामित्वमा नेपाल राष्ट्र बैंकले हेरफेर गर्न सक्ने ।
२. कुनै विदेशीसँग व्यवस्थापन करार गर्न र विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ति गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्ने ।
३. बैंकिङ्ग कारोवार, मुद्रा, कर्जा, व्याजदर, तरलता, पूँजीकोष आदिका सम्वन्धमा नेपाल राष्ट्र बैंकले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्ने ।
४. संस्थाको निक्षेप संकलन गर्ने विधि, कर्जा सापट प्रदान गर्ने र असुली गर्ने नीति तथा प्रकृया नेपाल राष्ट्र बैंकलाई उपलव्ध गराउनु पर्ने ।
५. रजिष्ट्रार/नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा अनुसार संस्थाले वासलात तथा नाफा नोक्सान हिसाव तयार गर्नु पर्ने र तथ्याङ्क पेश गर्नु पर्ने ।
६. संचालकहरु आफू/निजका पति, पत्नी, छोराछोरी, आमा,वावु र आफूले संचालन गरेको कम्पनी, फर्म तथा अन्य संगठित संस्थालाई कर्जा र संस्थाको दायित्व पर्ने सेवा दिन नपाउने ।
७. बैंकिङ्ग कारोवार गर्ने संस्थाले बैकिङ्ग कारोवार र अन्य कारोवारको लेखा छुट्टा छुट्टै राख्नु पर्ने र बैकिङ्ग कारोवार तर्फको चुक्ता पूँजी, नाफा, जगेडाकोष, निक्षेप अरु कारोवारमा लगाउन नपाउने ।
८. संस्थाले निक्षेपकर्ता तथा लगानी कर्ताको हितलाई हानी नोक्सानी

पुग्नेगरी कारोवार गरेमा नेपाल राष्ट्र बैंकले त्यस्तो कार्यमा रोक लगाउन सक्ने ।

९. संस्थाको सम्पूर्ण कार्यको हिसाव किताव, संचालक समितिको निर्णय पुस्तिका नेपाल राष्ट्र बैकले निरीक्षण गर्दा उपलव्ध गराउनु पर्ने र निरीक्षणमा देखिएका कैफियतहरुको सम्वन्धमा दिएका निर्देशन संस्थाले पालना गर्नु पर्ने ।

१०.संस्थाले निक्षेपकर्ता तथा लगानीकर्ताको अहित हुने गरी कर्जा प्रवाह गरेमा र संस्थाको व्यवस्थापनमा कुनै पनि प्रकारको संकट पैदा हुन गएमा संस्थाको कारोवार सुव्यवस्थित रुपमा संचालन गर्न नेपाल राष्ट्र बैकले संचालक समिति गठन गरी संस्थाको व्यवस्थापन आफूले जिम्मा लिएर संचालन गर्न वा कुनै व्यक्तिलाई संस्थाको व्यवस्थापनमा नियुक्ति गरी संचालन गराउन सक्ने ।

११.संस्थाको संचालक, अरु समितिका पदाधिकारी र कर्मचारीहरुले निक्षेपकर्ता वा लगानीकर्ताको हित विरुद्ध काम गरेमा त्यस्ता संचालक पदाधिकारी तथा कर्मचारीहरुलाई नेपाल राष्ट्र बैंकले निलम्वन गरी आवश्यक कारवाही गर्न सक्ने ।

१२.संस्थाले प्रर्याप्त मात्रामा सुरक्षण लिई आफ्ना शेयर सदस्यहरुलाई मात्र ऋृण प्रदान गर्नु पर्ने ।

१३.संस्थाले वासलात वाहिरको कारोवार गर्न नपाइने ।

१४.संस्था विघटन गर्नु पूर्व नेपाल राष्ट्र बैकको स्वीकृति लिनु पर्ने ।

१५.संस्थाको साइनवोर्डमा “नेपाल राष्ट्र बैंकबाट सिमित बैकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त” भनी उल्लेख गर्नु पर्ने ।

१६. संस्थाले देहाय वमोजिमका कार्य गर्न नपाउने :-

(क) ओभरड्राफ्ट कर्जा सुविधा दिन ।

(ख) नेपाल राष्ट्र बैंक विदेशी विनिमय विभागको स्वीकृति नलिई विदेशी मुद्राको कारोवार गर्न ।

(ग) जमानत (ग्यारेन्टी) जारी गर्न ।

(घ) चल्ती खाताको माध्यमबाट निक्षेप संकलन गर्न ।

(ङ) कृषि उपज धितो लिई कर्जा दिन ।

(च) सुनचाँदी कर्जा दिन ।



**(ख) निर्देशनद्वारा गरीएको नीतिगत व्यवस्था :-**

१. संस्थाको शेयर पूँजीको १० गुणा सम्म वचत निक्षेप गर्न सक्ने ।

२. संस्थाको कुल भारित जोखिम संपत्तीको घटीमा ८ प्रतिशत पूँजीकोष कायम राख्नु पर्ने र सो मध्ये घटीमा ४ प्रतिशत प्राथमिक पूँजीकोष कायम राख्नु पर्ने र अरु पुरक पूँजीकोष कायम राखे हुने ।

प्राथमिक पूँजीकोषमा चुक्ता पूँजी, बाँडफाँड नगरीएको नाफा र जगेडाकोष समावेश भएको हुन्छ । त्यसै गरी पुरक पूँजीकोषमा जोखिम व्यहोर्ने कोष, पुनमूल्यांकन जगेडा, नेपाल राष्ट्र बैंकले तोकेको ऋृणपत्र वा सुरक्षणपत्र र अन्य स्वतन्त्रकोष समावेश भएको हुन्छ । संपत्तिको जोखिमताको आधारमा देहायको तालिका-१ बमोजिमको भार प्रदान गरी पूँजीकोष अनुपात गणना गर्नु पर्दछ ।

**तालिका नं. १**

| क्र.सं | सम्पत्ति | भार |
|---|---|---|
| १. | नगद मौज्दात | ० |
| २. | नेपाल राष्ट्र बैकमा रहेको मौज्दात | ० |
| ३. | नेपाल सरकारको ऋृण पत्र | ० |
| ४ | वाणिज्य बैंकमा रहेको मौज्दात | २० |
| ५. | शेयर तथा डिवेन्चरमा लगानी | ५० |
| ६. | कर्जा तथा सापट | १०० |
| ७ | स्थिर सम्पत्ति | १०० |
| ८. | अन्य सम्पत्ति | १०० |
| ९. | जमानत पत्र | १०० |

आर्थिक वर्षको अन्त्यमा संस्थाको तोकिए वमोजिमको पूँजीकोष कम हुन गएमा नपुग भएको रकम अर्को आर्थिक वर्ष भित्र आफ्नो खुद मुनाफा र कमबाट जगेडाकोषमा सारी वा नयाँ शेयर निस्काशन गरी पूर्ति गर्नु पर्नेछ ।

३. संस्थाले संकलन गरेको निक्षेपको घटीमा १० प्रतिशत तरल संपत्ति कायम राख्नु पर्ने र सो मध्ये घटीमा ३ प्रतिशत नगद र बैंक मौज्दातको रुपमा कायम राखि बाँकी ७ प्रतिशत नेपाल सरकार वा नेपाल राष्ट्र बैंकको ऋणपत्रमा लगानी गर्न सक्ने । सो वमोजिम कायम नराखेको रकममा नेपाल राष्ट्र बैंक ऐन अनुसार प्रथम पटकमा ०.०३ प्रतिशत, दोश्रो पटकमा ०.०५ प्रतिशत र तेश्रो पटकमा ०.१० प्रतिशतका दरले हर्जना लाग्ने ।

४. संस्थाले आफ्नो पूँजीकोषको १० प्रतिशत सम्म मात्र एउटा सदस्यलाई कर्जा प्रदान गर्न सक्ने ।

५. संस्थाले निक्षेपमा दिने र कर्जामा लिने अधिकतम व्याजदरको अन्तर ६ प्रतिशत भन्दा वढी नहुने गरी व्याजदर निर्धारण गर्नु पर्ने र व्याजदर निर्धारण वा संसोधन गर्दा नेपाल राष्ट्र बैंकलाई लिखित रुपमा जानकारी दिई सर्वसाधारणको जानकारीको लागि संचार माध्यमबाट प्रचार प्रसार गर्ने ।

६. संस्थाले वैकिङ्ग कारोवार गर्दा लिने कमिशन दर तथा अन्य शुल्कहरु निर्धारण गरी नेपाल राष्ट्र बैंकलाई जानकारी दिनु पर्ने र संस्थाले कर्जा सापट प्रदान गर्ने नीति, विधि, कर्जा असुली नीति तयार गरी नेपाल राष्ट्र बैंकलाई उपलव्ध गराउनु पर्ने ।

७. संस्थाले पौष र आषाढ महिनामा उठाउन बाँकी कर्जा सापटलाई देहायको तालिका-२ अनुसार वर्गीकरण गरी जोखिम कोषको समेत व्यवस्था गर्नुपर्ने ।

## तालिका नं. २

| सि.नं. | कर्जा शिर्षक | भाखा नाघेको अवधि | जोखिम कोष व्यवस्था गर्नु पर्ने प्रतिशत |
|---|---|---|---|
| १ | असल | भाखा ननाघेको | १ |
| २ | कमसल | ६ महिना सम्म भाखा नाघेको | १० |
| ३ | शंकास्पद | ६ महिना भन्दा वढी १ वर्ष सम्म भाखा नाघेको | ५० |
| ४ | खराव | १ वर्ष भन्दा वढी खाना नाघेको | १०० |



# परिच्छेद-८
## संघ/संस्थाको बाँकी वक्यौता असुल उपर तथा संघ/संस्था विघटन

**क) जायजेथा/धितो लिलाम :**

निरीक्षण गर्दा संस्थाको जायजेथा तथा धितो लिलाम सम्वन्धमा देहाय अनुसार चेक ाँच गर्नु पर्दछ :-

१. कुनै व्यक्तिले संघ/संस्थालाई तिर्नु पर्ने ऋण, बाँकी वक्यौता, हिनामिना गरेको सम्पत्तिको विगो तथा त्यसमा लागेको व्याज र वेरुजु रकम समेत निज व्यक्तिको जायजेथा लिलाम विक्री गरी असुल उपर गर्न सक्ने कानूनी प्रावधान अनुसार धितो लिलाम गरी बाँकी वक्यौता असुल उपर गरे नगरेको हेर्नु पर्दछ। सहकारी नियमावलीमा उल्लेखित कार्यविधि अनुसार जायजेथा लिलाम विक्री गरी बाँकी वक्यौता असुल उपर गर्दा प्राप्त रकममा नेपाल सरकारको हकदावी भए त्यसको निम्ति रकम परसारी बाँकी रहन आएको रकममा संघ/संस्थाले अग्राधिकार दावी गर्न पाउने व्यवस्था छ ।

२. धितो राखेको सम्पत्ति लिलाम विक्री गर्दा प्राप्त रकमबाट साँवा र हर्जनाको रकम असुल उपर हुन नसकेमा सम्वन्धित व्यक्तिको हकभोगको नेपाल राज्य भित्र जुनसुकै स्थानमा रहेको सम्पत्तिबाट एक वर्ष भित्र लिलाम विक्री गरी साँवा, व्याज, हर्जना र लिलाम गर्दा लागेको खर्च असुल उपर गर्नु पर्ने र लिलाम विक्री गर्दा बाँकी वचेको रकम संवन्धित व्यक्तिलाई फिर्ता दिनु पर्दछ ।

३. धितो लिलाम विक्री गर्दा लिलाम सकार गर्ने व्यक्तिबाट शुरुमा दश प्रतिशत धरौटीको रुपमा लिने काम भयो भएन र वाँकी रकम एक हप्ता भित्र भुक्तानी भयो भएन हेर्नु पर्दछ। सात दिन भित्रमा वाँकी र कम भुक्तानी नभएको भए धरौटी रकम जफत गर्ने काम भयो भएन हेर्नु पर्दछ। सम्पूर्ण रकम भुक्तानी भएको अवस्थामा प्रचलित कानून वमोजिम जायजेथा रजिष्ट्रेशन तथा दाखिला खारेजको लागि सम्वन्धित कार्यालयमा संघ/संस्थाबाट लेखि पठाएको छ, छैन हेर्नु पर्दछ ।

४. जायजेथा लिलाम विक्री प्रकृयामा रहेको अवस्थामा कसैले लिलाम

सकार नगरेमा संघ/संस्थाले उक्त जायजेथाको स्वामित्व लिने काम भयो भएन हेर्नु पर्दछ ।

५. संघ/संस्थाले असुल उपर गर्नु पर्ने रकम साधारण सभाले मिनाहा दिएको भए साधारण सभाको दुई तिहाई वहुमतबाट निर्णय भएको थियो, थिएन हेर्नु  पर्दछ ।

**ख) संघ/संस्था विघटन र दर्ता खारेजी :**

संघ/संस्थाको विघटन र दर्ता खारेजी सम्वन्धमा देहाय अनुसार भए नभएको हेर्नु पर्दछ :-

१. संघ/संस्थाको विघटन साधारण सभाको कुल सदस्य संख्याको दुई तिहाई वहुमत सदस्यहरुको निर्णयबाट हुनेछ। यस प्रकारको निर्णयबाट संघ/संस्था विघटन भएकोमा रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त व्यक्तिले त्यस्तो संस्थाको दर्ता खारेज गर्नेछ ।

२. ऐनको दफा ३५ वमोजिम सोधपुछ र दफा ३६ वमोजिम निरीक्षण गर्दा कुनै संघ/संस्था दुई वर्ष सम्म कुनै कारोवार नगरी निष्कृय रुपमा रहेको पाइएमा रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त व्यक्तिले संघ/संस्थाको दर्ता खारेज गरी विघटन गर्न सक्ने र सो को कार्यान्वयन गर्न एक जना लिक्विडेटर नियुक्त गर्न सक्नेछ। लिक्विडेटरको काम कर्तव्य र अधिकार सहकारी नियमावलीमा उल्लेख भएको हुँदा सो अनुसार निजबाट काम भए नभएको हेर्नु पर्दछ ।

३. नियमानुसार दर्ता खारेज गरिएका वा विघटन गरिएका संघ/संस्थाहरुको कोषबाट देहाय वमोजिमको प्राथमिकताक्रम अनुसारका कामहरुको लागि खर्च गर्ने कानूनी व्यवस्था अनुसार भए नभएको हेर्नु पर्दछ ।

क. विघटनको कामको निमित्त भएका खर्चहरु फछ्र्यौट गर्न,
ख. कर्मचारीहरुको तलब भत्ता दिन,
ग. ऋण भुक्तानी गर्न,
घ. अन्य भुक्तानी गर्न,
ङ. शेयरपूँजी फिर्ता दिन,



च. लाभांश नवाडिएकोमा लाभांश वाड्न बाँकी समयको प्रति वर्ष ८ प्रतिशतका दरमा नवढ्ने गरी वितरण गर्न,

४. संघ/संस्थाको विघटनको काम समाप्त भै सकेपछि कुनै साहुले पाउनु पर्ने रकम लिन असमर्थ भएमा विघटनको तीन महिना भित्र आईसक्नु पर्नेछ ।

५. माथि उल्लेखित काममा खर्च गरी सक्दा पनि संघ/संस्थाको कोष बाँकी रहन गएमा उक्त रकम रजिष्ट्रारको निर्देशन वमोजिम देहायको प्राथकिताक्रम अनुसार हस्तान्तरण भए नभएको हेर्नु पर्दछ ।

(क) विघटित संघ/संस्थाको कार्य क्षेत्रमा सेवा पुऱ्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै संघ/संस्था ।
(ख) सो संघ/संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ ।
(ग) राष्ट्रिय सहकारी संघ ।
(घ) सहकारी आन्दोलनलाई सहयोग पुऱ्याउने अन्य कुनै निकाय ।

## परिच्छेद ९
## विविध

१. संस्थाको कुल सदस्य संख्या मध्ये महिला/पुरुषको संख्या कति छ ।
२. संस्थाको कुल सदस्य संख्या मध्ये पछिल्लो साधारण सभामा सदस्यहरुको उपस्थिति कति प्रतिशत रहेको छ ।
३. संचालक समितिमा महिलाहरुको प्रतिनिधित्व छ, छैन । भएमा कुन अनुपातमा महिलाहरुको प्रतिनिधित्व रहेको छ ।
४. संस्थाको कुल शेयर पूँजी कति छ ? त्यस मध्ये कति पूँजी जारी भएको छ र कति पूँजी भुक्तानी भै सकेको छ ।
५. संस्थाको खुद नाफा कति छ र गत आ..व.को तुलनामा वढेको छ, छैन ।
६. गत वर्षको तुलनामा चालु आ.व मा खर्च वृद्धि भएको भए त्यसको

कारण औचित्यपूर्ण छ, छैन ।

७. संस्थाको लेखापरीक्षण नियमित रुपमा (प्रत्येक वर्ष) भएको छ, छैन । लेखापरीक्षणबाट बेरुजू भएको पछिल्लो आ.व भित्र नियमित गराउने काम भएको छ, छैन ।

८. संस्थामा वचतकर्ताको संख्या र कुल वचत रकम के कति छ ?

९. संस्थाका सदस्यहरुमा लाभांस वितरण भएको छ, छैन ।

१०. कर्मचारीहरुलाई वोनस वितरण भएको छ, छैन र के कति रकम वोनस वितरणमा खर्च भयो ?

११. संस्थाबाट कर्जा सापटि स्वरुप कति जनाले कति रकम कर्जा लिएको छ ?

१२. संस्थामा भाखा नाघेको ऋण कति छ ? कर्जा लगानीमा धितोको प्रर्याप्त व्यवस्था छ, छैन । धितो रोक्काको अवस्था के छ ? धितो लिलामको प्रकृया अगाडी वढाइएको छ, छैन ।

१३. संस्थामा कुल बेरुजू रकम कति छ र कति जना व्यक्तिबाट बेरुजू असुल गर्नु पर्नेछ ।

१४. संस्थामा कुन कुन स्तरका कति जना कर्मचारीहरु कार्यरत छन् । उनीहरुको बीच कार्य विभाजन भएको छ, छैन र विद्यमान संगठन संरचना उपर्युक्त छ, छैन ।

१५. संस्थामा के कति चल, अचल संपत्ति छ । अचल सम्पत्ती मध्ये घर, जग्गा, गोदाम, सवारी साधन आदिको विवरण तथा अवस्था के छ ?

१६. यस अधिका निरीक्षण तथा अनुगमनको क्रममा दिएका निर्देशन र सुझावहरुको पालना भएको छ, छैन ।

१७. सेवा उपयोग गर्ने सवालमा सदस्यहरु बीच कुनै भेद गरीएको छ, छैन ।

१८. संस्थाले संचालन गरेका कारोवारहरुबाट सदस्यहरुले फाइदा लिन सकेका छन्, छैनन् र त्यस प्रकारका कार्यहरुबाट उनीहरुको आम्दानीमा वृद्धि भएको छ, छैन ।

१९. संस्थाले आफ्नो कार्य संचालनको क्रममा सामाजिक जिम्मेवारीको पालना गरेको छ, छैन ।

२०. कुनै व्यक्ति, फर्म वा संस्थाले सहकारी ऐन २०४८ वमोजिम दर्ता नभैकन सहकारी शव्दको प्रयोग गरी व्यापार व्यवसाय संचालन गरेको छ, छैन र गरेको भए ऐन अनुसार दण्ड जरिवाना भएको छ, छैन ।



# अनुसूची - १

फाराम नं. १

............सहकारी संघ/संस्था लि.

आम्दानी खर्च विवरण

२०६.. साल .......महिना सम्मको

| खर्च विवरण | रकम रु | | आम्दानी विवरण | रकम रु | |
|---|---|---|---|---|---|
| | गत वर्ष | यस वर्ष | | गत वर्ष | यस वर्ष |
| (क) कार्यालय संचालन खर्च | | | (क)शेयर विक्रीवाट प्राप्त आम्दानी | | |
| १. तलव भत्ता | | | (ख) लगानीवाट प्राप्त व्याज | | |
| २. घरभाडा | | | (ग) बैंकवाट प्राप्त व्याज | | |
| ३. मसलन्द | | | (घ) सेवा शुल्क | | |
| ४. छपाई | | | (ङ) सदस्यता शुल्क | | |
| ५. सेवा महशुल | | | (च) प्रवेश शुल्क | | |
| ६. मर्मत | | | (छ) कमिशन | | |
| ७. वैठक भत्ता | | | (ज) विविध आम्दानी | | |
| ८. ले.प.शुल्क | | | (झ) खूद नोक्सान | | |
| ९. विज्ञापन तथा प्रचार प्रसार | | | | | |
| १०. विविध | | | | | |
| (ख) मेशिन औजार तथा फर्निचरको ह्रास खर्च | | | | | |
| (ग) जोखिम कर्जा व्यवस्था | | | | | |
| (घ) खूद नाफा | | | | | |
| **जम्मा** | | | **जम्मा** | | |

# अनुसूची - २

**संघ / संस्था लि.**

**स्थिति वितरण-पत्र**

**मिति..............................मा**

| दायित्व | सम्पत्ती | | | रकम रु. | |
|---|---|---|---|---|---|
| | गत वर्ष | यस वर्ष | | गत वर्ष | यस वर्ष |
| शेयर पूँजी :- | | | नगद बाँकी.............................. | | |
| जगेर्ना कोष | | | बैक मौज्दात............................ | | |
| **अन्य कोष :-** | | | **लगानी हिसाब :-** | | |
| क. शेयर लाभाँश कोष.................... | | | क) मुद्धति | | |
| ख. कर्मचारी वोन कोष.................. | | | खाता..................................... | | |
| ग. संरक्षित कोष ......................... | | | ख) शेयर खरिद......................... | | |
| घ. सहकारी शिक्षा कोष................. | | | ग) | | |
| ङ सहकारी विकास कोष................ | | | अन्य...................................... | | |
| च. अन्य कोष.............................. | | | **सदस्यहरुसँग बाँकी ऋण :-** | | |
| **निक्षेप - डिपोजिट- हिसाब :-** | | | क) भाखा | | |
| क.चल्ती..................................... | | | नागेको.................................... | | |
| ख. बचत.................................... | | | ख) भाखा | | |
| ग. घरौटी.................................. | | | ननागेको.................................. | | |
| **ऋण लिएको हिसाब :-** | | | **पाउनु पर्ने हिसाब :-** | | |
| क. भाखा नागेको......................... | | | क) उधारो............................... | | |
| ख. भाखा ननागेको ..................... | | | ख) पेश्की................................ | | |
| **भुक्तानी दिनु पर्ने हिसाब :-** | | | ग) व्याज................................ | | |
| क. उधारो.................................. | | | घ) हर्जाना............................... | | |
| ख. पेश्की.................................. | | | ङ) हितकोष............................. | | |
| ग. हित कोष .............................. | | | च) बेरुजु................................ | | |
| घ. अन्य.................................... | | | छ) घरौटी............................... | | |
| **अन्य दायित्व हिसाब :-** | | | ज) सर्टेज................................ | | |
| क. तलव | | | झ) | | |
| ख. घरभाडा | | | ञ) हिनामिना.......................... | | |
| ग. व्याज | | | ट) अन्य | | |
| घ. हर्जाना | | | सापटी.................................... | | |
| ङ ले.प.शुल्क | | | फर्निचर.................................. | | |
| च. अन्य.................................... | | | सवारी साधन........................... | | |
| | | | जग्गा भवन (गोदम).................. | | |
| | | | सेफ....................................... | | |
| | | | मिल....................................... | | |
| | | | अन्य सम्पत्ति सामान .................. | | |
| | | | शुद्ध नोक्सानी.......................... | | |
| | | | (-) घाटा पूर्ति | | |
| | | | कोष....................... | | |
| | | | अन्तिम माल | | |
| | | | शेष.................... | | |
| **जम्मा** | | | **जम्मा** | | |

| दस्तखत .......... | दस्तखत .......... | दस्तखत .......... | दस्तखत .......... |
|---|---|---|---|
| (व्यवस्थापकको नाम) | (सञ्चालकको नाम) | (लेखा परिक्षकको नाम) | (लेखा समितिका सदस्य) |



# अनुसूची - ३

**(नियम २३ को उपनियम (२) सँग सम्बन्धित)**

**सहकारी संस्था/संघको**

**निरिक्षण प्रतिवेदन**

१. संस्थाको नाम :-

ठेगाना:- दर्ता नं :- दर्ता मिति :-

२. (क( निरिक्षण गरेको मिति :-

(ख) अघिल्लो निरिक्षण मिति :-

३. सदस्य संख्या :-

४. चुक्ता शेयर रकम :-

५. संस्था ।संघको मुख्य कारोबार :-

६. (क) संचालक समितिको बैठक कति अवधिमा हुने गरेको छ ?

(ख) सो बैठकमा कति संचालकहरु उपस्थित हुने गर्दछ ?

(ग) संचालक तथा कर्मचारीहरु संयुक्त बैठक कति अवधिमा बस्ने गरेको छ ?

(घ) कर्मचारीहरुको बैठक कति अवधिमा बस्ने गरेको छ ?

७. (क( संचालक समितिको निर्णयहरु, ऐन, नियम र विनियम अनुकूल छ छैन ?

(ख) सो निर्णयले निम्न मध्ये कुन क्षेत्रमा सकारात्मक वा नकारात्मक कस्तो प्रभाव पारेको छ ?

(१) संस्था/संघको कारोबार

(२) संस्था/संघको कर्मचारी

(३) संस्था/संघको सदसय

८. (क) ऐन, नियम र विनियम बमोजिम खाता वही राखेको छ छैन ?

(ख) खातापत्रमा अध्यावधिक लेखा गरेको छ छैन ?

(ग) संस्था/संघले राख्नु पर्ने अभिलेखहरु राख्ने गरेको छ छैन ,

९. नगद मौज्दात ठीक दूरुस्त छ छैन ?

१०. निर्धारित कार्यक्रम तथा बजेट बमोजिम कार्यान्वयन गरेको छ छैन ?

११. संस्था/संघको नगद/जिन्सी हिनामिना/बाँकी बक्यौता राख्न दिएको छ छैन ,

१२. (क)अघिल्लो निरिक्षणमा देखाइएका त्रृटी, समस्याको सुधार र सुझावको कार्यान्वयनमा भएको छ छैन

(ख) देखा परेका समस्याहरु के के छन् ?

(ग) समस्या सामाधानका उपायहरु के के हुन् ?

मिति :

निरिक्षण गर्ने व्यक्तिको

दस्तखत

नाम :

पद :